# अध्याय - एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

कुनैपनि परिवारको एक सदस्यले अर्को सदस्यलाई शारीरिक, मानसिक, यौनजन्य रुपमा गरिने पिडालाई घरेलु हिंसा भनिन्छ । यस्तो हिंसाले पिडितलाई शारीरिक, मानसिक, यौनजन्य क्षति वा पिडा पुऱ्याएको हुन्छ । हिंसाभित्र कुटपिट, छोराछोरी बीचमा भेदभाव, दाइजोको कारणबाट गरिने दुर्व्यवहार, खान लाउन नदिनु, घरबाट निकाला, यौन शोषण गर्नु, घरभित्र थुनेर राख्नु, गाली बेइज्जति तथा अश्लील शब्दको प्रयोग गर्ने, चेलीबेटी बेचबिखन, बलत्कार गर्नु, झुट्टा आरोप लगाउनु, धम्की वा अनुचित व्यवहार गर्नु आदि पर्दछन् । महिलामाथि हुने हिंसाभित्र महिला भएकै कारणले भोग्नु परेका विभिन्न खालका असमान व्यवहार तथा भेदभावपूर्ण कार्यहरु नै महिला हिंसा हो । (अर्याल, २०६१)

नेपाल पितृसत्तात्मक समाजमा आधारित देश हो । जहाँ महिलाहरुको तुलनामा पुरुषको स्थान उच्च हुने भएकोले महिलामाथि हिंसा हुने गरेको पाइन्छ । यहाँ कुल जनसङ्ख्याको आधा भाग ओगट्ने महिलाहरु भएतापनि उनीहरुको कुनै स्थान नभएको देखिन्छ । महिलाले पाउनुपर्ने नैसर्गिक अधिकार समेत पाएका छैनन् । महिलाहरु घरबाहिर हिडडुल गर्दा, जागिरमा जाँदा, आफ्नो कुरा सार्वजनिक गर्दा पुरुषहरुको स्वीकृति चाहिन्छ । बोली वा शब्दमा मात्र महिला र पुरुष एकै रथका दुई पाङ्ग्रा हुन् भनिन्छ । अन्धविश्वास, कुरीति, कुप्रथाले व्याप्त हाम्रो समाजमा महिलाहरु पिडा सहेर बाँच्न बाध्य भएका छन् । मिठो र धेरै खानेकुरा, राम्रो कपडाहरु छोरीलाई भन्दा छोरालाई स्वयम् महिलाले नै दिन्छन् (पोखरेल, २०७०) ।

हिन्दु धर्मको प्राचीन, ग्रन्थ, पुराण, वेदमा महिलालाई भगवती, लक्ष्मी, सरस्वती आदिको प्रतिकका रुपमा पूजा गर्दै शक्तिस्वरुप मानिएको पाईन्छ । कालान्तरमा हिन्दु धर्मभित्र महिलालाई दासी र पुरुषलाई स्वामीका रुपमा चित्रण गर्न थालियो । त्यस्तै इस्लाम र क्रिश्चियन धर्मभित्र पनि महिलालाई पुरुष समान ब्याख्या गरेको पाइन्छ । पछि गएर निजी सम्पत्तिको उदयसँगै पुरुषकै स्वार्थअनुरुप महिलालाई दासीका रुपमा परिभाषित गर्दै घरभित्र सिमित गरिएको देखिन्छ ।समाज निर्माण र निरन्तरताको लागि महिला र पुरुष

उत्तिकै महत्वपूर्ण र अनिवार्य छन् । यस आधारमा समान हुनुपर्ने भए पनि पुरुषको स्वार्थले राजाका रानी, रानीका दासी हुदैं महिला शोषित पिडित भई आएको पाइन्छ (भण्डारी, २०७०) ।

बिहान उठेदेखि बेलुकी सुत्ने बेलासम्म महिलाहरु घरभित्रको काम र बिशेष गरी कृषि काममा व्यस्त हुन्छन् । थोरै मात्र महिलाहरु पढ्ने, जागिर गर्ने, संघसंस्थामा लाग्ने गरेको पाइन्छ । त्यही एउटै परिवारमा बस्ने पुरुषहरु दिनको ८ घण्टा काम गरेर घरपरिवारमा उच्च स्थानमा बस्ने गरिन्छ । पौडेल (२०६८) का विचारमा समान अधिकारको अभावले महिलालाई मूल्यहीन र गन्तव्यहीन बनाएको छ । महिलाहरुले घरपरिवारमा धेरै काम गरेता पनि औषधि उपचार लगायत अन्य खर्चको लागि उनीहरुले पुरुषहरुको मुख ताक्नुपर्ने अवस्था छ ।

हाम्रो समाजमा आमाबुबाले छोरीको जात अर्काको घर जाने जात भनेर छोरीलाई शिक्षामा पैसा लगानी गरिदैन भने शिक्षित महिलाहरुको विवाह महंगो हुने तथा महिलाको परिश्रम घरभित्र र खेतीपातीमा बढी आवश्यक हुने भएकाले पनि महिलालाई शिक्षा दिनमा अवरोध हुन गएको हो । छोरीलाई विद्यालय नपठाउने, पठाएपनि घरको काम सकाएर, भाईबहिनीहरुको रेखदेख समेत गरेर विद्यालय जानुपर्ने, महिनावारी हुँदा घरबाहिर बस्नुपर्ने जस्ता थुप्रै समस्याहरु समाजमा महिलाहरुले भोग्दै आएका छन् । महिलाहरुको शरीरमाथि समेत पुरुषहरुको अधिकार रहने, बच्चा कति जन्माउने, परिवार नियोजन गर्ने की नगर्ने आदि व्यक्तिगत कुराहरुमा समेत निर्णय गर्ने अधिकार महिलाहरुले पाएका छैनन् (थपलिया, २०७१)

२१ औं शताब्दीसम्म आइपुग्दा पनि लिङ्गकै कारण महिला विभेदीत र हिंसा पिडित बनेर बस्नु परेको अवस्था छ । जुन एक सिमित क्षेत्र वा परिवेश मात्रको प्रश्न नभई पुरा मुलुकका महिलाहरुको प्रश्न भएको छ । अर्याल (२०६८) का अनुसार हाम्रो समाजमा सामाजिक विभेद, जातीय विभेद, लैङ्गिक विभेद, पितृसत्तात्मक सोच, अशिक्षित महिला, जनसङ्ख्याको तीव्र वृद्धि हुनु, आर्थिक स्तर बृद्धि नभई आम रुपमा गरिबी बढ्नु, शिक्षाको उचित प्रबन्ध नहुनु, जनचेतनाको अभाव हुनु, रुढीवादी परम्परा एंव कानुनको प्रभावकारी रुपमा कार्यान्वयनको अभाव जस्ता विषय नै महिलामाथि हिंसा हुनुका प्रमुख कारणका रुपमा देखिएका छन् ।

यसरी समग्रमा भन्नुपर्दा हिंसा कुनै पनि मानिस माथि गरिने शारीरिक, मानसिक यातना, गाली गलौज, कुटपिट आदि हुन् । हिंसा महिला, पुरुष, बालबालिका जसका विरुद्धमा पनि हुन सक्छ साथै हिंसा गर्ने कार्य पनि महिला पुरुष जुनसुकै वर्गबाट पनि हुन सक्छ । यस अध्ययनमा महिला विरुद्धमा हुने हिंसाको प्रकारका बारेमा चर्चा गरिएको छ । अध्ययनका क्रममा महिलाप्रति हुने हिंसाका कारण, असरहरु खोज्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

महिलाहरुमाथि हुने हिंसामध्ये घरेलु हिंसा एक प्रमुख हिंसा बनी विश्वव्यापी समस्याको रुपमा रहेको छ । विभिन्न किसिमका हिंसाहरुले महिलाको जीवन निकै दुःख एंव पिडादायी अवस्थामा गुज्रिरहेको छ । हाम्रो समाजमा दिन प्रति दिन बढ्दो जनसङ्ख्या, बेरोजगारी, गरिबी, स्रोत तथा साधनको असमान वितरण, अशिक्षा आदिका कारण महिलाहरु घरायसी हिंसाबाट पिडित छन् । विकास, शान्ति र समानताको प्रमुख बाधक तत्वका रुपमा हिंसा नै देखा पर्दछ । नेपाल पनि एक पुरुष प्रधान समाज भएकोले हरेक क्षेत्रमा पुरुषहरुको स्थान उच्च र महिलाहरुको स्थान निम्न रहेको पाइन्छ । प्रत्येक घर परिवारमा महिला माथि पुरुषले गालीगलौज, कुटपिट, शारीरिक तथा मानसिक यातना दिएर हिंसाको सिर्जना गरेको पाइन्छ । (चौधरी, २०६६)

छोरी, दिदीबहिनी, श्रीमती, बुहारी, आमा आदि विभिन्न प्रकारका भूमिका निर्वाह गर्ने महिलाले पुरुषहरु सरह नै विकास निर्माणका प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । समाजमा व्यक्तिले महिला भएकै कारणले भोग्नु परेका पीडा, दुःख, मर्का, यातना आदि महिलाहरु माथि हुने गरेका हिंसा नै यस अध्ययनमा दर्शाउन खोजिएको समस्या हो ।

ढुङ्गाना (२०६७) का भनाइअनुसार महिलामाथि हुने मुख्य हिंसा नै भ्रूण हत्या हो, यसको कारणले महिला संसारमा आउनु अघि नै हत्या गरिन्छ । युवा अवस्थामा महिलामाथि हुने हिंसामा बलात्कार, बेचबिखन, बजरजस्ती इच्छा विपरीत विवाह गरिदिने, खानपान लगायत घरायसी काममा समेत महिलाहरु माथि भेदभाव पूर्ण व्यवहार गरिन्छ भने विवाहपश्चात गरिने हिंसामा दाइजोको कारणले हुने हिंसा, लिङ्गको परिक्षण गरी छोरीको गर्भपतन, गर्भवती महिलाले पाउनुपर्ने स्याहार-सुसारको कमी, पोषिलो खानाको कमी, बढी काममा खट्नुपर्ने, शारीरिक तथा मानसिक यातनाहरु पर्दछन् भने प्रौढ अवस्थामा हुने

हिंसामा घरायसी काममा शोषण गर्नु, हेरविचारमा कमी, औषधि उपचारबाट वञ्चित गर्नु आदि पर्दछन् ।

यसरी हेर्ने हो भने महिलाहरु धेरैजसो क्षेत्रमा पनि हिंसाको शिकार भएको देखिन्छ । त्यसैले प्रस्तुत अध्ययन कीर्तिपुर नगरपालिका वडा नं. ९ ढोकासी टोलमा महिलामाथि हुने घरेलु हिंसालाई समस्याका रुपमा लिइएको छ । छनौटमा परेका महिलाहरु के-कस्ता हिंसात्मक व्यवहारका शिकार भएका छन्, महिलाहरु किन पछाडी परेका छन्, महिला आफैका समस्याहरु के-के छन्, पारिवारिक सम्पत्ति माथिको स्वामित्व आदि विभिन्न पक्षहरुमा के-कस्तो भूमिका छ भन्ने कुराको वास्तविकता पत्ता लगाउनु आजको आवश्यकता पनि हो । तसर्थ यो अध्ययनमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयत्न गरिएको छ ।

क) अध्ययन क्षेत्रमा महिलाहरु माथि हुने घरेलु हिंसाका अवस्थाहरु कस्तो छन् ?

ख) महिलाहरुले भोगेका हिंसाका प्रकार, कारणहरु के-के हुन् ?

ग) महिलाहरु माथि हुने घरेलु हिंसाका असरहरु के के हुन् ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नु भन्दा अगाडी उद्देश्यहरु तोकिनुपर्दछ । कुनैपनि उद्देश्य बिना कार्य अर्थपूर्ण हुदैन । उद्देश्य बिनाको कार्य गर्नु भनेको एउटा गन्तव्य बिहीन यात्रीको स्थिति जस्तै हो । यस कारण कुनैपनि कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि उद्देश्यहरु निर्धारण गर्नुपर्ने हुन्छ । यस अध्ययनमा पनि केही उद्देश्यहरु राखिएका छन् ती निम्न प्रकारका छन् ।

क) यस क्षेत्रमा महिलाहरुमाथि हुने घरेलु हिंसाको अवस्थाबारे अध्ययन गर्नु ।

ख) महिलाहरुले भोगेका हिंसाका प्रकार र कारणहरुको अध्ययन गर्नु ।

ग) महिलाहरुमाथि हुने घरेलु हिंसाका असरहरुको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

कुल जनसङ्ख्याको आधाभन्दा बढी भाग ओगटेको महिला वर्ग बिना देशको विकास हुन सम्भव छैन । त्यसैले महिला वर्गलाई शिक्षित र जागरुक बनाउन अति आवश्यक भईसकेको छ । वर्तमान समाज विगतको तुलनामा निकै परिवर्तन भई सक्दा पनि महिलाहरु प्रति गरिने व्यवहार र हेरिने दृष्टिकोणमा परिवर्तन भएको छैन । पितृसत्तात्मक, धार्मिक, मूल्य-मान्यता एंव सामाजिक संरचनाले गर्दा महिलाहरु अगाडि बढ्न सकेका छैनन् । मानसिक तथा शारीरिक रुपमा पनि महिलालाई पुरुषको तुलनामा कमजोर मानिन्छ । कुनैपनि अध्ययन, अनुसन्धानको आफ्नै किसिमको महत्व रहेको हुन्छ । यस अध्ययनको पनि महत्वहरु निम्न प्रकारका छन् ।

क) यस अध्ययनबाट महिलाहरुको यथार्थ अवस्था थाहा पाउनुका साथै महिलाहरु घरेलु हिंसाबाट कसरी पिडित छन् भनेर हिंसाजन्य क्रियाकलापहरु थाहा पाउन सकिन्छ ।

ख) महिलाहरुमाथि हुने घरेलु हिंसाको बारेमा बुझ्न चाहने अरु जो कोही व्यक्ति, संघसंस्था तथा अनुसन्धानकर्ता आदिलाई सहयोग पुग्नेछ ।

ग) यस अध्ययनबाट विगतको समाजमा महिलाहरुको अवस्था के-कस्तो थियो र वर्तमान समाजमा तिनीहरुको अवस्था के-कस्तो रहेको छ भनेर थाहा पाउन सकिन्छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको अध्ययन

## २.१ सैद्धान्तिक अवधारणा

समाज उद्‌विकासको उषाकालमा मातृसत्तामा आधारित थियो । दास समाजको विकास सँगै विस्तारै पितृसत्तात्मक परिवारमा परिणत हुदैं गयो भने महिलाको स्थान दोश्रो दर्जाको रुपमा रहन गयो । (आचार्य, २०६०)

Karl Marx ले उनको प्रमुख कृति Communist Menifesto१९७० मा महिलालाई उत्पादनको प्रमुख साधनका रुपमा लिएका छन् । Marx/Engles को पुस्तक The origin of the family private property and the state १९८४ मा समाजमा व्यक्तिगत सम्पत्तिको अधिकार स्थापनाको प्रक्रियासँगै परिवारको उदय र परिवारसँगै परिवारमा श्रम विभाजनको प्रक्रियामा महिलाहरु घरभित्रका कार्यमा संलग्न रहने र पुरुषहरु शिकार खेल्ने, उत्पाद तथा श्रोत नियन्त्रण कायम गरी आफ्नो हैकम र प्रभुत्व कायम गरी महिलालाई शोषण गर्छ । उनीहरुले परिवारमा पुरुषले वुर्जुवा वर्ग र महिलाले शोषित वर्गको प्रतिनिधित्व गर्दछ भन्ने तर्क गरेका छन् ।

महिलावादी सिद्धान्तको विकासक्रमलाई हेर्दा सर्वप्रथम १८३० मा अमेरिकी महिलाहरु दासताका विरुद्ध संगठित भएर आवाज उठाएको पाइन्छ । सन् १९६० पछि महिलाको विविध पक्षमा देखिएका दमन, असमानता, शोषण, हिंसा, श्रोत माथिको असमान पहुँच कार्य विभाजन आदिलाई आधारित गरेर अध्ययन, अनुसन्धान गर्न थालियो, त्यसपछि महिला आन्दोलनका विभिन्न चरणहरुमा महिलावादी सिद्धान्त प्रतिपादन भएका छन् ।

उदार महिलावादी सिद्धान्तले महिलाहरु पुरुष सरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् । सामाजिक, साँस्कृतिक, मान्यताले समाजमा निर्दिष्ट अधिकारबाट पनि वञ्चित छन् । घरभित्रका आय नहुने तथा नियमित र दैनिक कम महत्वका कार्यमा सिमित हुने र पुरुष घरबाहिरका आयआर्जन गर्न सकिने कार्यमा संलग्न भएको हुँदा महिला आफ्नो हक अधिकारबाट समेत वञ्चित छन् भन्ने तर्क राख्दछ ।

समाजवादी महिलावादले लिङ्गका आधारमा श्रम विभाजन र त्यसअनुरुपको सामाजिक-साँस्कृतिक मान्यताका कारण लैङ्गिक विभेदको श्रृजना भएको हो भनी तर्क अगाडी सारेका छन् ।

आमूल महिलावादले सामाजिक-साँस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिदै लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्ध र पितृसत्ता पुरुषले प्रभुत्व जमाएको संगठनहरुमा गर्ने महिलाका विरुद्ध गर्ने हिंसा हो जुन सधै स्पष्ट देखिने शारीरिक, निर्दयताका रुपमा मात्रै नभएर शोषण र नियन्त्रणमा अझ बढी अभ्यासहरु लुकेको हुन्छ । यस्ता अभ्यासहरु फेसन र सुन्दरता, मार्तत्व, आदर्श, एकल यौन सम्बन्ध, घर गृहस्थी कार्य, न्यू ज्यालादर आदिका नाममा देख पर्दछन् । महिलालाई विभेद र दमन गर्ने प्रारम्भिक थलो परिवार हो जहाँ प्राकृतिक लिङ्गका आधारमाश्रम विभाजन र यसैअनुरुप सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गर्दछ भन्ने तर्क राख्दै महिलालाई स्वतन्त्र र हिंसामुक्त भएर बाच्न पुरुषको विकल्प खोज्नु पर्नेमा तर्क राखेका छन् ।

## २.२ घरेलु हिंसाको परिचय

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ का अनुसार “घरेलु हिंसा” भन्नाले कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँदछ । (ढुङ्गाना, २०६५)

लैंगिकतामा आधारित हिंसाले महिला, पुरुष, बालबालिका तथा तेस्रो लिङ्ग विरुद्ध हुने हिंसालाई जनाउँछ तथापि यस्तो हिंसाबाट बढी मात्रामा प्रभावित हुने भनेको महिला र बालिकाहरु हुन् । महिलामाथि हुने हिंसाभित्र महिला भएकै कारणले भोग्नु परेका विभिन्न खालका भेदभावपूर्ण कार्यहरु महिला हिंसा हो । महिलाहरुलाई डर, धाक, धम्कीको प्रयोग गरी त्यस किसिमको आघात पुऱ्याउने कार्यका साथै व्यक्तिगत र सामाजिक जीवनमा महिलाको स्वतन्त्रताको हनन गरिन्छ भने त्यस्तो कार्य महिला माथिको हिंसा हो । (आचार्य, २०६९)

विश्व स्वास्थ्य संगठन (सन् २००४) का अनुसार हिंसा भन्नाले कुनैपनि व्यक्तिले अर्को व्यक्ति माथि गर्ने दबाब, अमानवीय व्यवहार तथा क्रियाकलाप, त्यो भौतिक होस् वा

मनोवैज्ञानिक होस् जुन सुकैलाई पनि बुझाउँछ भने घरेलु हिंसा भन्नाले घरपरिवारभित्र होस वा बाहिर जुनसुकै बेला र बखतमा भौतिक तथा मनोवैज्ञानिक रुपमा गरिने हिंसाजन्य क्रियाकलापलाई जनाउँछ । विश्वमा सरदर तीन जना महिलामा एक जना महिला दैनिक रुपमा हिंसाको शिकार हुनुपर्छ चाहे त्यो यौनिक होस् वा शारीरिक दुवै कारणबाट पिडित भएको पाइन्छ । महिलाहरुलाई सानोतिनो कारणबाट पनि पुरुषहरुले दैनिक रुपमा कुटपिट गर्ने, विभिन्न किसिमका दवावहरु दिने, हिंसा सहन बाध्य बनाउने जस्ता कार्यहरु गरिरहेको पाइन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने महिलालाई कुटपिट गर्नु सामान्य विषयको रुपमा देखापरेको छ । त्यस्तै गरि अशिक्षित समाजमा गर्भावस्थामा बढि काम लगाउने, श्रीमान वा परिवारका अन्य सदस्यले दमन गर्ने जस्ता कार्य गरेको पाइन्छ ।

विश्व स्वास्थ्य संगठन (१९९७) का अनुसार "घरेलु हिंसाअन्तर्गत शारीरिक, मानसिक तथा यौनजन्य हिंसाहरु पर्दछन् ।" आफ्नै पतिबाट इच्छा विपरीत यौनजन्य क्रियाकलापमा सहभागी गराइनु, डर, धम्की देखाउनु, आफ्नो वशमा राख्न खोज्नु, विभिन्न बन्देज लगाउनु, कुटपिट गर्ने जस्ता क्रियाकलापहरु पर्दछन् । महिलाहरुको स्थान वा शक्ति न्यून हुनुका कारणले समाजमा महिला हेपिन, दलिन बाध्य हुनुपर्ने अवस्था छ ।

थपलिया (२०७१) का अनुसार "महिला बालबालिकामाथि घरभित्र हुने दुर्व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन् ।" महिलाहरु आफ्नै घरभित्र बलात्कार हुन्छन् जबरजस्ती देहव्यापारमा लगाइन्छ, यौनदासको रुपमा राखिन्छ,जबरजस्ती गर्भवती बनाइन्छ, बालबिवाह, अनमेल विवाह, बहुविवाह, विधवा विवाह प्रतिको दुर्व्यवहार आदि पनि घरेलु हिंसा अन्तर्गतकै हिंसाहरु हुन् ।

भण्डारी (२०१३) का विचारमा"कुनै व्यक्ति वा समुहलाई लक्षित गरी उनीहरुलाई पुऱ्याउने शारीरिक तथा मानसिक आधात वा चोट नै हिंसा हो ।" हिंसाजन्य क्रियाकलापहरुभित्र कुटपिट, धम्की, अपहरण, सम्पत्तिको क्षति गर्ने, स्वतन्त्रताको हननजस्ता प्रत्यक्ष गतिविधिहरु पर्दछन् । यसका अतिरिक्त कुनै व्यक्ति वा समुदायको मान प्रतिष्ठा र पहिचानमा आधात पुग्ने क्रियाकलापहरु जस्तै भेदभाव तथा थिचोमिचोलाई पनि हिंसा भनिन्छ ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि सीड (१९७९) अनुसार "महिला हिंसा भनेको महिलामाथि गरिने विभिन्न किसिमका शारीरिक, यौनिक,

मानसिक एंव हिंसात्मक व्यवहारहरु हुन् ।" यस्ता व्यवहार भित्र महिलामाथि गरिने कुटपिट, घरभित्र बालिकामाथि गरिने यौन शोषण, दाइजोका कारण गरिने दुर्व्यवहार, वैवाहिक जीवनभित्र बलत्कारका साथै विभिन्न किसिमका सामाजिक तथा साँस्कृतिक परम्पराहरु पर्दछन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्र (सन् १९४८) ले कसैलाई पनि जाति, वर्ण, लिङ्ग, भाषा धर्म, राजनीतिक आस्था आदिका आधारमा शोषण, दमन, अन्याय, अत्याचार र हिंसा गर्न पाइने छैन भनेका छन् ।

उपाध्याय (२०७०) का भनाई अनुसार "महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्वदेखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण, शारीरिक, मानसिक तथा यौनिक यातनाहरु र दुर्व्यवहारलाई बुझाउँछ ।" रुढीवादी परम्परा, पितृसत्तात्मक सोच, सामाजिक मूल्य मान्यताका कारण महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेर्नु, समान अवसरबाट वञ्चित गराइनु, शरीरमाथि अरुले नियन्त्रण गर्ने प्रवृत्तिको कारण पनि महिलामाथि हिंसा भएको पाइन्छ । महिला हिंसाको स्वरुपहरुमा महिलामाथि गरिने कुटपिट, एसिड खन्याउने, बोक्सीको आरोपमा दुर्व्यवहार गर्ने, बहुविवाह, बालविवाह, अनमेल विवाह प्रेमको नाममा धोका, मानव बेचविखन, वैदेशिक रोजगारीको नाममा ठगी, यौन शोषण, अत्याधिक काम आदि देखिन्छ ।

## २.३ घरेलु हिंसाको प्रकारहरु

हाम्रो देशमा पनि महिलामाथि हुने हिंसा बढी रहेको पाइन्छ । एउटा मानवले अर्को मानवप्रति गरिने शारीरिक, मानसिक, यौनिक, आर्थिक, श्रम शोषण, अमानवीय व्यवहार नै हिंसा हुन् । डर, धम्की, त्रास, गालीगलौज आदि हिंसाका स्वरुप हुन् । भट्टराई र साथीहरु (२०६८) का अनुसार महिलामाथि हुने हिंसाका प्रकारहरु निम्नानुसार उल्लेख गरिएको छ ।

### १) शारीरिक हिंसा

शारीरिक हिंसाअन्तर्गत प्रचलित कानुन बमोजिम अङ्गभङ्ग ठहर्ने बाहेक कुटपिट गर्नु, घाउ, चोटपटक लगाउनु, एसिड राखेर कुरुप बनाउनु, श्रम शोषण गर्नु, बिरामी पर्दा औषधी उपचार नगर्नु, गैरकानुनी थुनामा राख्नु, शारीरिक चोट पुऱ्याउनु वा त्यस्तै अन्य कुनै काम गर्नु वा गराउनु जस्ता हिंसा पर्दछन् (भट्टराई र साथीहरु, २०६८) ।

### २)	मानसिक हिंसा

मानसिक हिंसा भनेको शारीरिक यातनाको डर धाक देखाउनु वा धम्की दिनु, त्रासपूर्ण तथा असमान व्यवहार गर्नु, गालीगलौज गर्नु, झुटा कुरा लगाउनु, घरबाट निकाला गर्नु वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्नु वा गराउनु कार्य हो र यसभित्र वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभाव समेत पर्दछ (भट्टराई र साथीहरु, २०६८) ।

### ३)	यौनजन्य हिंसा

यौनजन्य हिंसाभित्र यौनजन्य प्रकृतिको दुर्व्यवहार अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउनु वा सुरक्षित यौत स्वास्थ्यमा आघात पुग्ने गरी कुनै पनि कार्य गर्नु, अश्लील चित्र, भिडियो देखाउनु बलात्कार गर्नु आदि पर्दछन् (भट्टराई र साथीहरु, २०६८) ।

### ४)	आर्थिक हिंसा

आर्थिक हिंसाअन्तर्गत निजी सम्पत्तिको प्रयोग गर्न समान कामको लागि असमान ज्यालाको व्यवहार गर्नु, रोजगारी आर्थिक स्रोत र साधनको पहुँचमा वञ्चित गर्ने कार्य आदि पर्दछन् (भट्टराई र साथीहरु, २०६८) ।

### ५)	परिवारबाट महिलामाथि हुने हिंसा

यसमा हत्या, कुटपिट तथा झगडा, पौष्टिक आहारमा कमी, प्रजनन अधिकारमा नियन्त्रण, यौन दुर्व्यवहार, बलात्कार, जबरजस्ती, विवाह, धम्की विवाह तथा असमान विवाह, इच्छा विपरितका काम गर्न बाध्य भई मानसिक अशान्ति तथा डर त्रासमा बाँच्न बाध्य जस्ता हिंसा पर्दछन् (भट्टराई र साथीहरु, २०६८) ।

## २.४ नेपालमा महिलाहरुको अवस्था

नेपाल हिन्दु धर्ममा आधारित राज्यको रुपमा चिनिदैं आइरहेको छ । हिन्दु धर्म दर्शन अनुसार समाज पुरुष प्रधान रहन्छ र पितृसत्तात्मक समाज हुन्छ । यस्तो समाजमा महिलाहरुको स्थिति पुरुषको तुलनामा कमजोर हुन्छ । नेपालमा गैर हिन्दुहरु पनि बस्दछन् र सबैको स्थिति एकैनासको छ भन्न मिल्दैन । नेपाली सामाजिक-साँस्कृतिक संरचनामा महिलाहरुको स्थितिलाई दोस्रो दर्जामा राजिएको छ तर विकास निर्माणको लागि महिला र

पुरुष दुवै समान हुन अति आवश्यक छ । नेपाली समाजमा छोरीको जन्मलाई छोराको जन्म जस्तो महत्व दिइदैन । पितृउद्धारका लागि छोरा नै चाहिन्छ भन्नेमान्यताले निकै महत्व राखेको पाइन्छ । यसरी हेर्दा नेपाली समाजमा महिलाहरुको स्थिति पुरुषहरुको दाँजोमा कम रहेको पाइन्छ ।

नेपाली समाजमा कुनै पनि महिला जन्मेदेखि मृत्यु नहुदासम्म व्यक्तिगत रुपमा स्वतन्त्र नभएको अवस्था देखिन्छ । जस्तो जब बच्चा महिलाको रुपमा जन्मन्छ उसले शुरुमा आफ्नो बाबु तथा दाजुभाईको नियन्त्रणमा बस्नुपर्छ त्यसपछि जब उसको विवाह हुन्छ उ आफ्नो श्रीमानको सम्पत्तीको रुपमा रहनुपर्दछ र श्रीमानको मृत्यु पश्चात पनि उ आफ्नो छोरा नातिको नियन्त्रणमा बस्नु पेर्न बाध्यता छ । तसर्थ एउटा महिलालाई आफ्नो जीवनभर आफ्नो अधिकारको निर्णय गर्नबाट बञ्चित गराई पिजडाको घेरा जस्तै चारैतिरबाट नियन्त्रणमा राख्ने प्रवृत्ति देखिन्छ (अधिकारी, २०६५) ।

महिला विरुद्ध हुने हिंसा उन्मुलन सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र १९९३, धारा १ का अनुसार “महिला विरुद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य, मानसिक क्षति वा पिडा पुऱ्याउँछ ।” जस अन्तर्गत कुटपित गर्नु, यौन दुर्व्यवहार, चेलिबेटी बेचबिखन तथा जबरजस्ती देहव्यापारमा लगाउनु, धम्की, दबाब र स्वेच्छाचारी रुपमा महिलाको स्वतन्त्र बन्देज गर्नु समेत पर्दछ । महिला विरुद्ध भेदभाव उन्मुलन समितिको सिफारिस नं. १९ ले “लिङ्गमा आधारित हिंसा लैङ्गिक भेदभावकै एउटा स्वरुप हो, जसले महिलाको अधिकार उपभोग गर्ने क्षमता तथा स्वतन्त्रतामा आघात पुऱ्याउँदछ  भनि परिभाषित गरेको छ ।” (थापा, २०६५)

पोखरेल (२०७०) का भनाईअनुसार पितृसत्तात्मक व्यवस्थाका कारण सदियौंदेखि विभेदको शिकार हुदैँ आएका महिलामाथि हुने हिंसाको क्रममा प्रयोग हुने शब्द हो बोक्सी । बोक्सीको आरोप लाग्नेहरु प्राय गरी गरीब, एकल महिला, दलित, असहाय, वृद्धहरु रहने गर्दछन् । रुपले सुन्दर, पढे, लेखेका, धनी परिवारका कुनै महिला तथा पुरुषलाई बोक्सी भनिएको पाइदैन । आधुनिक विज्ञानको विकाससँगै नयाँ पुस्तामा आएका सचेतनाले गर्दा परम्परागत मान्यता र अन्धविश्वासका कारण सदियौंदेखि जरा गाडेर रहेको बोक्सी प्रथा अझै पनि समाजमा कायमै रहेको छ भने दाइजोको कारण घर निकाला गर्नु, जीउँदै जलाउने प्रयत्न गर्नु, घरपरिवारबाट शारीरिक तथा मानसिक यातनाको शिकार बन्नु आदि

हिंसाहरु महिलालाई दिइन्छ । सन् २०१० को शुरुको तीन महिनामा सप्तरी जिल्लामा तीन जना महिलाको हत्या भयो, त्यसमध्ये दुई जना महिला दाइजोकै कारण पतिद्वारा मारिएका छन् ।

नेपाल सरकारले लैङ्गिक विभेदमा आधारित हिंसाका सम्बन्धमा केही छानिएका जिल्लाहरुमा भर्खरै गरेको अध्ययन अनुसार १५ देखि ५१ वर्ष उमेर समूहका महिलाहरुमध्ये ४८% महिलाले आफ्नो जीवनकालमा कुनै न कुने किसिमको हिंसा वा दुर्व्यवहार सहन बाध्य भएको देखाएको छ । यसमा ४० दशमलव ४ प्रतिशत मानसिक हिंसा, २६ दशमलव ८ शारीरिक हिंसा, १५ दशमलव ३% यौनिक हिंसा तथा ८% आर्थिक हिंसाबाट पिडित छन् । यसैगरी अध्ययनले महिलाहरु बढी आफ्नै नजिकका नातेदार, परिवारजन तथा छर छिमेकबाट बढी पिडित रहेको पनि देखाएको छ । जसमा ३५ दशमलव २% महिला आफ्ना परिवारबाट र २२ दशमलव १% महिला घर छिमेकीबाट पिडित छन् । लैङ्गिक विभेदमा आधारित हिंसालाई अपराध मान्दै कानुनले दण्डनीय बनाएपछि यसका विरुद्ध पिडित महिलाहरु पनि बोल्न थालेका छन् ।

पितृसत्तात्मक सोचको शिकार भएका महिलाहरुले महिलाहरुलाई नै हेला गर्ने, हेप्ने, कुटपिट गर्ने, एक्लै हिँडडुल गर्न नदिने, पोषणयुक्त र पेटभरी खान नदिने, बेइज्जत गर्ने जस्ता व्यवहारका कारण महिलाहरु शारीरिक तथा मानसिक कमजोर हुने गरेका छन् । समाजले पनि सम्पत्तिमाथिको अधिकार, स्वास्थ्य, रोजगारी, राजनीति, शिक्षा, आदि महत्वपूर्ण क्षेत्रमा महिलामाथि भेदभाव गर्नाले पनि हिंसा भएको पाइन्छ । सिलवाल (२०७०) का अनुसार महिला माथि हुने हिंसाहरुका कारण महिलाहरुको आत्मबल कमजोर हुन गई सामाजिक इज्जत प्रतिष्ठाको डर मानेर घर परिवार समाज, कार्य क्षेत्र र राज्य तहमा हुने गरेका सबै प्रकारका हिंसालाई मौन रुपमा स्वीकार्न बाध्य छन् । महिलालाई अझैसम्म पुरुषहरुले घरको काम गर्ने र छोराछोरी पाउने मेसिनको रुपमा हेरिने प्रवृत्तिमा परिवर्तन गर्न नसक्नु अर्को कमजोरी पक्ष हो । (बराल, २०७०)

महिलाले माइती र घर दुवै ठाउँबाट सम्पत्तिको भाग लिन नपाउने भएकोले गर्दा महिलाहरुको विवा पश्चात सामाजिक, आर्थिक, धार्मिक, निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ । सामाजिक-साँस्कृतिक रुपमा महिलालाई आमाको रुपमा उच्च सम्मानित स्थान दिएको भएतापनि बुहारी, श्रीमतीको रुपमा अपमानित भएर बस्नु परेको छ । दिदी बुहारी तथा श्रीमतीलाई दासीको रुपमा पतिलाई नै परमेश्वर मनेर

बस्नुपर्ने धार्मिक-साँस्कृतिक मान्यता रहेको छ । प्रसिद्ध समाजशास्त्री Lynn Bennett ले आफ्नो अनुसन्धनात्मक पुस्तक "Dangerous Wives and Sacred Sister: Social and symbolic role of high-cast women in Nepal" 1983 मा पनि यही प्रसङ्गलाई पुष्टि गरेका छन् ।

थपलिया (२०६०) का अनुसार खास गरी महिला र बालिबालिकालाई दिईने हिंसा तथा मानसिक यातनाको कुनै लेखाजोखा नै हुदैंन र छैन पनि । शारीरिक यातना अर्थात कुटपिटको सम्बन्धमा घाउ चोटको अवस्थालाई हेरेर केही सजाय दिइन्छ तर सजाय दिइन्छ भन्दैमा मानवअधिकार प्राप्त भयो भन्न मिल्दैन किनकी गल्ती गर्ने गर्ने व्यक्तिलाई सजाय दिनु मात्र समस्याको समाधान होइन । किनभने भविषयमा त्यही व्यक्तिसँग वा त्यही परिवारमा बसेर जीवन बिताउनु पर्ने हुन्छ । यही डरका कारण हिंसा पिडितहरु सबै कुराहरु बुझेर पनि चुपचाप बस्न बाध्य भईरहेका छन् । त्यसैले हिंसाको कुरा गर्ने बित्तिकै असमान सामाजिक संरचना विरुद्ध आवाज उठाउनु पर्ने हुन्छ । घरेलु हिंसा, यौन हिंसा, सामाजिक-साँस्कृतिक, राजनीतिक हिंसा आदि समाजभित्र हुने हिंसाका स्वरुपहरु हुन् ।

मुलुकी ऐनको जीउ मास्ने बेच्ने सम्बन्धी पहलले कसैले कुनै पनि मानिसलाई बिक्रि गर्ने उद्देश्यले ललाई फलाई नेपाल सरहद बाहिर लैजान वा बिक्रि वितरण गर्न हुदैन । बिदेशमा बेच्न लगेकोमा बेच्न नपाउँदै पक्राउ भए बेच्न लैजालेलाई दश वर्ष र बेचिसकेको भए २० वर्ष कैद हुन्छ। किन्ने मानिस सरहदभित्र फेला परे निजलाई समेत बेच्नेलाई सरहको सजाय हुन्छ । (श्रेष्ठ, २०११)

“घरेलु शान्ति नै विश्व शान्तिको आधार, दमनको पूर्तिवाद गरी महिला हिंसा अन्त्य गरौं” भन्ने नाराका साथ संयुक्त राष्ट्र संघले १९९९ नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म १६ दिन लैङ्गिक हिंसा विरुद्धको अभियान दिवस मनाइयो । (नेपाल ब्रिटेन डट् कम्, डिसेम्बर ६, २०१३) यद्यपी अभियानकै बीचमा गत मंसिर २२ गते शुक्रबार बर्दिया जिल्ला गुलरिया नगरपालिका -८ की १६ वर्षीया शीवा हासमीलाई अभियुक्त बाबु खानले विवाह गर्न नमानेको निहुँमा पेट्रोल छरकेर जलाएको समाचार सार्वजनिक भयो । हुन त अहिले शीवा हासमीको हत्या गर्ने उनका परिवारका व्यक्ति नै संलग्न रहेको भन्ने समाचारहरु पनि आइरहेका छन् र बाबु खानसँगै सीवाका परिवारका सदस्यकहरुलाई पनि प्रहरीले पक्राउ गरेको छ । शीवा हासमीको हत्या जसले गरेको भएपनि अनुसन्धान गरी दोषीलाई सजाय दिलाउनुपर्दछ (पोखरेल, २०७०) ।

ओरेक नेपालले अभिमुखिकरण गरेका तथा विभिन्न दैनिक पत्रपत्रिकाबाट प्राप्त तथ्याङ्कका आधारमा कार्तिक महिनामा ९२ जना महिलामाथि हिंसा भएको पाइएको छ । जस मध्ये सबैभन्दा बढी घरेलु हिंसाका २६ वटा घटना रहेका छन् । ओरेक नेपालीद्वारा प्रकाशित महिला हिंसा विरुद्ध वर्ष पुस्तक अन्वेषी २०११, मा अभिलेखिकरण गरिएका घटनाहरु मध्ये सबैभन्दा बढी ६७ प्रतिशत महिलाहरु घरेलु हिंसा भएको पाईएको छ । त्यसमा पनिसबैभन्दा बढी ७४ प्रतिशत महिलाहरु आफ्नै श्रीमान्बाट हिंसाको शिकार भएको र २६ प्रतिशत परिवारका अन्य सदस्यबाट हिंसा सहन बाध्य रहेको कुरा तथ्याङ्कले देखाएको छ । (ओरेक नेपाल, २०६८) ।

महिला तथा बालबालिका हिंसा बढ्दो क्रममा "म डायन होइन, मलाई न्याय देउ" भन्दै २०६८ बैशाख, १२ गते सोमबार बारा गोलागन्ज-१ का गौरीदेवी तुरालाई बोक्सीको आरोप लगाउँदै गाँउलेले कुटपिट गरेका थिए । जिल्ला प्रहरीका कार्यालय बाराका प्रहरी उपरीक्षक राजेन्द्र प्रसाद चौधरीले घटनामा संलग्न मोहर्रम मिँया र सफी मिँया आलमलाई नियन्त्रणमा लिई धरौतीमा रिहा गरिएको छ । चौधरीका अनुसार यस्तो घटना गाउँघरमा हुने गरे तापनि प्रहरी कार्यालयसम्म नआउनाले त्यस्ता व्यक्ति तथा समूहको मनोबल बढेको बताए (अन्सारी २०११) ।

त्यसैगरी २०६८ बैशाख २ गते सोमबारका दिन बोक्सीकै आरोप लगाउदै रौतहत जिल्ला दिपही-४ निवासी राम एकबाल यादवकी ५० वर्षीय पत्नी फलझरी देवीलाई कुटपिट गरिएको थियो । स्थानीय रामाधार यादवले आफ्नी १५ वर्षीय छोरीलाई भूतप्रेत लगाएको भन्दै कुटपिट गरिएको थियो (पोखरेल, २०७०) ।

युगौंदेखि पछि पारिएका महिलाहरु माथि राज्यबाट र समाजबाट विभिन्न खाले विभेदहरु हुने गरेका छन् । श्रेष्ठ (२०११) का अनुसार समाजमा संस्कृतिका नामबाट गरिबी तथा महिला हुनुकै कारणले शारीरिक तथा मानसिक यातना भोग्नु परिरहेको छ । यस्तै यातना र हिंसाको एउटा कारण बोक्सी आरोप पनि हो । बोक्सीले हेर्दा नजर लागेर बिरामी हुने, सेल पकाउन लागेको बिग्रने, शरीरमा विशेष गरी तिघ्रामा निलो दाग बसे बोक्सीले चुसेको, गाई भैंसीले दूध दिन्न भन्ने अन्धविश्वास अझै पनि गाउँघरमा भन्ने गरिन्छ । यस्ता आरोपहरु अधिकांश गरीबीको मार सहिरहेका, अनुहार नराम्रो, दाँत नराम्रो भएका, श्रीमान मरेर एकल जीवन बिताइरहेका महिलालाई लगाउने गरिन्छ । गरिब हुनु, दाँत अनुहार नराम्रो हुनु, एकल हुनु कुनैपनि महिलाको रहर हुदैंन । त्यो त बाध्यता हो, तर हाम्रो

समाजभित्र नराम्रो र दुःख हुनुलाई सहानुभूति होइन कि अझै हिंसाको ढङ्गले हेरिन्छ र हिंसा गरिन्छ ।

सिलवाल (२०७०) का भनाई अनुसार समाजमा जस्तोसुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूतिगर्न सकेका छैन् र महिलामाथि हुने हिंसाका घटनामा कमी आउन सकेको छैन । महिलाको लागि शिक्षामा पहुँच र सम्पत्ति माथिको स्वामित्व स्थापित गरी कुरीति र कुसंस्कारको रुपमा रहेको विधुवा प्रथा, बाल तथा अनमेल विवाह प्रथाको अन्त्य गर्नुपर्दछ । यसका लागि महिला हिंसा विरुद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको व्यावहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिला हिंसा विरुद्धको कडा कानून निर्माण, दाइजो दिने वा लिनेलाई कडा कारवाही गरी कुनैपनि खालको भेदभाव विरुद्ध द्वन्द्व र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

बस्नेत (२०६८), ले "महिला विरुद्धको घरेलु हिंसा" भन्ने शोधपत्रमा महिलाहरुको सामाजिक तथा आर्थिक पृष्ठभूमि माथि प्रकाश पारेका छन् भने उनले यस शोधपत्रमा दाङ जिल्लामा हुने गरेका महिला विरुद्ध हुने हिंसाको प्रकार र कारणहरुलाई उल्लेख गरेका छन् । यस सन्दर्भमा उक्त ठाउँका हिंसा प्रति पिडित महिलाहरुको अवधारणा एवं सचेतनालाई बस्नेतले वर्णन गरेका छन् ।

महर्जन (२०७१) ले "महिलामाथि हुने घरेलु हिंसाका प्रकार, कारण र असरहरु" भन्ने शोधपत्रमा महिलामाथि हुने घरेलु हिंसाका प्रकारहरु, कारणहरु र असरहरुको विश्लेषण गरेका छन् । उनले यस शोधपत्रमा काठमाण्डौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. ३ मा रहेका महिलाहरु माथि हुने घरेलु हिंसाको प्रकार, कारण र असरहरु उल्लेख गरेका छन् । यस सन्दर्भमा उक्त क्षेत्रमा रहेका हिंसा पिडित महिलाहरुको अवधारणाहरुलाई वैयक्तिक अध्ययनमा महर्जनले वर्णन गरेका छन् ।

आचार्य (२०६८) ले "महिलामाथि हुने घरेलु हिंसाका कारण र परिणामहरु" भन्ने शोधपत्रमा महिलाहरु माथि हुने कारण र परिणामहरुका बारेमा वर्णन गरेका छन् भने आचार्यले यस शोधपत्रमा घरेलु हिंसाका कारण र परिणामहरु सम्बन्धी ग्रामीण तथा शहरी भेगका महिलाहरुको अनुभवहरु तुलनात्मक रुपमा अध्ययन गरेका छन् ।

थपलिया (२०७१) का अनुसार समाज पुरुष प्रधान र परम्परागत सोचमा परिवर्तन भएको पाईदैन । महिलाले दाइजो नल्याएका कारण यातना सहनु परेका कयौं उदाहरणहरु

छन् । बोक्सीको आरोप लगाएर घर निकाला गर्ने, बहुविवाह, अनमेल विवाह, चेलीबेटी बेचबिखन र ओसारपसार, यौन शोषण लगायतका हिंसाहरु विद्यमान छन् । पुरुष प्रधान मानसिकताले गर्दा महिला नेतृत्व अगाडि आउन नसकेको हो । विभिन्न किसिमका रोजगारी, यौनव्यवसाय, सर्कसलगायत विभिन्न प्रयोजनका लागि भारत तथा खाडी मुलुकहरुमा बर्सेनि लगभग ५ हजार महिलाहरु बेचिने तथ्याङ्क सार्वजनिक हुदैं आएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २०६९ पुस १७ देखि २०७० पुस १६ सम्म गरेको मानवअधिकार उल्लङ्घन तथा हिंसाको अभिलेखअनुसार महिलाको अधिकारको रक्षा गर्ने दायित्व निर्वाह गर्ने कार्यमा राज्यको सक्षम भूमिका नरहेको प्रकाशित गरेको छ । घरायसी काम गर्दा गर्दै, जङ्गलमा घाँस, दाउरा लिन गएको बेलामा र घरमा एक्लै भएको मौका छोपेर अधिकांश बलात्कार हुने गरेको छन् । बलात्कारपछि गरिने स्वास्थ्य परीक्षण बैज्ञानिक नहुनुले प्रमाण नष्ट हुनुका साथै पीडितलाई थप आघात पुग्ने गरेको छ ।

पोखरेल (२०७०) का विचारमा राज्य वा गैरराज्यबाट गरिने लैङ्गिग भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य-मान्यताका कारणबाट महिलाहरु बढी पीडित बन्ने गरेका छन् । तराई क्षेत्रमा परम्परा र लाजका कारण दाइजेबाट हुने हिंसा का घटनाहरु सार्वजनिक नै गर्दैनन् । घटना सार्वजनिक गर्दा महिलाले थप मानसिक तथा शारीरिक पीडा सहनु पर्ने, कतिपय महिलाहरुले ज्यान गुमाएको, घरनिकाला गरिएको, जीउँदै जलाउने प्रयत्न गरिएको पाइन्छ । कानुनको पालना प्रभावकारी ढङ्गबाट नगरिनु, महिलामाथि हुने गरेको हिंसा तथा यौनजन्य अपराधमा कमी नआउनु, बलात्कारपछि गरिने स्वास्थ्य परिक्षण बैज्ञानिक तथा व्यवस्थित नहुनुले प्रमाण नष्ट हुनु आदि कारणहरुले गर्दा पिडितलाई झन् आधात पुग्ने गरेको छ । सन् २०१० को शुरुको ३ महिनामा सप्तरी जिल्लामा ३ जना महिलाको हत्या भयो । यसमध्ये २ जना महिला त दाइजोकै कारण पतिद्वारा मारिएका थिए ।

प्रधानमन्त्री कार्यालय लैङ्गिक हिंसा एकाईको तथ्याङ्क २०६६ अनुसार लैङ्गिक हिंसासम्बन्धी उजरी ४६ वटा छन् भने महिला आयोग २०६८/६९ मा एक वर्षको अवधिमा घरेलु हिंसा तर्फ शारीरिक हिंसाका उजुरी १ सय ४८ वटा, मानसिक हिंसाका उजुरी १ सय १४ वटा, आर्थिक हिंसाका उजुरी २ र यौनजन्य हिंसाको १ मात्र उजुरी दर्ता भएका छन् । अर्को तर्फ नेपाल प्रहरीको २०६७/६८ तथ्याङ्क अनुसार घरेलु हिंसा १ हजार ३ सय ५५ वटा र महिलातर्फ १ हजार २६ वटा उजुरी परेका छन् । राष्ट्रिय महिला आयोगकी सदस्य मोना अन्सारीका अनुसार प्रधानमन्त्री कार्यालय, पिडित महिलाहरुको पँहुचमै नभएकोले उजुरी

कम परेका हुन् । प्रधानमन्त्री कार्यालय लैङ्गिक हिंसा एकाईमा कार्यरत समुना अर्यालका अनुसार उजुरी आएपनि सम्बन्धित निकायमा सिफारिस गरिने र त्यहीबाट कार्यान्वयन हुने भएकोले त्यँहा कम उजुरी परेको हो । यसैगरी कतिपयलाई फोनबाटै परामर्श दिएर समस्या समाधान गरिने भएकाले पनि दर्ता सङ्ख्या थोरै देखिएको उनको तर्क छ ।

नेपालको अन्तरिम संविधान २०७२ को धारा २० मा मौलिक हक अन्तर्गत महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ । राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुने व्यवस्था गरिएको छ (नेपालको अन्तरिम संविधान, २०७२) ।

छोरी बढे बिग्रन्छन् भन्ने सामाजिक परम्परागत मान्यताका कारण रामेछापको कसाई गाउँमा १४ वर्ष उमेर नपुग्दै छोरीको बिहे गरिन्छ । उचित शिक्षा र प्रचार प्रसारको अभावमा स्वास्थ्य मन्त्रालयको बिहेवारी २० वर्ष पारी भन्ने नारा त्यस गाउँका लागि अर्थहिन भएको छ । मागेर विवाह गर्ने परम्परा रहेको त्यस गाउँका झन्डै ९० प्रतिशत केटीहरुको विवाह १३-१४ वर्षको उमेरमा हुने गरेको छ । छोरीको रजस्वला नै नभई विवाह गरिदिदाँ धर्म हुने अन्धविश्वासका कारण सबैले छोरीको विवाह रजस्वला नै नभई गर्ने गरेको तथ्य उनिहरुबाट पुष्टि भएको छ (भण्डारी, २०७०) ।

यसरी समग्र रुपमा हेर्दा महिलाहरुलाई केवल खेतीपाती तथा घरायसी कार्यमा नै सिमित गरिएको देखिन्छ त्यसैगरि जति श्रम गरे तापनि घरायसी र सामुदायिक निर्णय प्रति उनीहरुको प्रतिनिधित्व निकै कम हुनुका साथै सम्पत्तिमाथिको अधिकार त झन नगण्य मात्रामा नै रहेको देखिन्छ जसबाट महिलाहरुको सामाजिक तथा आर्थिक क्षेत्रमा कम पहुँच भई महिलामाथि हिंसा हुने गरेको पाइन्छ । यस अध्ययनले कीर्तिपुर नगरपालिका - ९ का महिलामाथि हुने घरेलु हिंसाको विषयमा ठोस निचोड निकाल्ने हुनाले उक्त महिलाहरुलाई आफ्नो अवस्था सम्बन्धी जानकारी दिने र अधिकार प्रति जनचेतना जगाउने प्रयास गरिएको छ ।

# अध्याय - तीन

# अनुसन्धान पद्धति

कुनैपनि घटना वा विषयसँग सम्बन्धित तथ्याङ्कहरुको बारेमा क्रमबद्ध एंव व्यवस्थित तरिकाबाट अपनाइने अनुसन्धानको प्रकृया नै अनुसन्धान पद्धति हो । यस अध्यायमा अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य, अनुसन्धानको ढाँचा, अध्ययनको समग्रता र नमुना छनौट, तथ्याङ्क सङ्कलनको स्रोत, तथ्याङ्क सङ्कलनका विधिहरु, तथ्याङ्कको व्याख्या र विश्लेषण, अध्ययनको सीमा आदि निम्नानुसार चर्चा गरिएको छ ।

## ३.१ अनुसन्धान क्षेत्रको छनौट

कुनैपनि कार्यको थालनी गर्नुभन्दा पहिले उक्त कार्य कँहा गर्ने भनेर ठाउँको छनोट गर्नुपर्ने हुन्छ । यस शोधको अध्ययन क्षेत्र वाग्मती अञ्चलभित्र पर्ने काठमाण्डौ जिल्लाको कीर्तिपुर नगरपालिका वडा. नं. ९, ढोकासी टोललाई लिइएको छ । महिला हिंसा समाजमा व्याप्त हुने भएकोले यससम्बन्धि जानकारी लिनको लागि उपरोक्त क्षेत्र छनौट गरिएको हो । अध्ययनकर्ता पनि सोही नगरपालिका कै बासिन्दा भएको र आफ्नै ठाउँको महिलाहरुमाथि हुने घरेलु हिंसाको वास्तविक कारण पत्ता लगाउनुको साथै यसप्रति सम्बन्धित क्षेत्रको हालसम्म गहन अध्ययन पनि नभएकोले त्यस सम्बन्धि जानकारी लिनका लागि पनि यस क्षेत्रको छनौट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनमा वर्णनात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । अनुसन्धानको क्षेत्रमा वर्णनात्मक अनुसन्धान भनेको अध्ययन विषयको बारेमा विस्तृत ज्ञान प्राप्त गर्नु हो । यही ढाँचामा आधारित रहेर महिलाहरुमाथि हुने हिंसाको अवस्था तथ ज्ञान, प्रकार, कारण र असरहरु र यसका समाधान आदिलाई सामान्य रुपमा वर्णन गरि प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## ३.३ अध्ययनको नमुना छनौट

यस अध्ययन कीर्तिपुर नगरपालिकाको वडा नं. ९ ढोकासी टोलमा मात्र सिमित रहेको छ । अध्ययन क्षेत्रमा कुल ६० घरधुरी रहेका छन् । यसमध्ये अध्ययनको सरलताको लागि कुल ६० घरपरिवार मध्येबाट ४० घरपरिवारलाई छनौट गरी प्रत्येक घरपरिवारबाट

एक एक जना महिलालाई उत्तरदाताको रुपमा छनौट गरिएको छ जसमा उत्तर दिन सक्ने महिला छानिएको छ । अध्ययनको लागि महिला २० देखि ६० उमेरको रहेको छ । अध्ययनका क्रममा सम्भाव्य नमूना छनोट विधि अन्तर्गत गोला प्रथा विधिको प्रयोग गरिएको छ । जसअन्तर्गत नेवारी महिलाहरुलाई मात्र समावेश गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका विधिहरु

यस अध्ययनमा अध्ययनको क्रममा प्राथमिक र द्वितीयक स्रोतबाट तथ्याङ्कहरु संकलन गरिएको छ । अनुसन्धानकर्ता स्वंय आफै अध्ययन क्षेत्रमा गई उत्तरदातासँग प्रत्यक्ष भेटेर अन्तरवार्ता, अवलोकन, वैयक्तिक अध्ययन गरी सूचना तथ्याङ्क सङ्कलन गर्नेलाई प्राथमिक तथ्याङ्क भनिन्छ । त्यस्तैगरी गा.वि.स., नगरपालिका, सरकारी तथा गैरसरकारी संस्थाहरु, विभिन्न पत्रपत्रिका, जनगणना, किताब तथा आमसञ्चारबाट प्रकाशित तथा अप्रकाशित लेख, रचनाहरुलाई द्वितीयक तथ्याङ्क भनिन्छ । यस अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै तथ्याङ्कहरुको प्रयोग गरी अनुसन्धान गरिएको छ ।

### ३.४.१ घरधुरी सर्वेक्षण विधि

घरधुरी सर्वेक्षण विधि अन्तर्गत प्रश्नावली विधिबाट तोकिएको प्रश्नको मात्र उत्तर आउने र उत्तरदाताले एकलौटी रुपमा प्रश्नको उत्तर लेख्ने भएकोले गर्दा सत्यतथ्य प्रमाण प्राप्त गर्नको लागि घरधुरी सर्वेक्षण विधिको प्रयोग गरिएको छ । घरधुरी सर्वेक्षणमा ४० घरपरिवारबाट एक एक जना महिलाहरुलाई उनीहरुबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । घरधुरी सर्वेक्षणबाट महिलाहरु माथि हुने घरेलु हिंसाको अवस्था तथा ज्ञान, प्रकार, कारण, असरहरु र यसका समाधान आदिको बारेमा सूचना सङ्कलन गरिएको छ ।

### ३.४.२ अवलोकन विधि

यस अध्ययनमा अनुसन्धानकर्ता आफै कीर्तिपुरमा गई त्यँहाका महिलाहरुको पारिवारिक, सामाजिक, साँस्कृतिक, आर्थिक अवस्था तथा महिलाहरु बीचको आपसी सम्बन्ध, उनीहरुको दिनचर्या, उनीहरुप्रति परिवारका सदस्य तथा छिमेकीहरुले गर्ने व्यवहार आदिको अवलोकन गरिएको छ । सहभागीमूलक अवलोकनद्वारा नमूना छनौट गरिएका महिलाहरुसँग कुराकानी तथा प्रत्यक्ष भेटघाट गरी अवलोकन गरिएको छ ।

### ३.४.३ अन्तरवार्ता विधि

यस अध्ययनका क्रममा आवश्यक तथ्याङ्कहरु प्राप्त गर्नका लागि व्यक्तिगत रुपमा अन्तरवार्ता लिइएको छ । अन्तरवार्तामा सम्भाव्य नमूना छनौट विधिबाट छानिएका ४० घरपरिवारका महिलाहरुलाई समावेश गरिएको छ । अन्तरवार्तामा खुल्ला तथा बन्द प्रश्नहरु सोधिएको छ भने खुल्ला प्रश्नमा उत्तरदाताहरुलाई सम्बन्धित विषयमा आफ्ना विचार राख्न दिइएको छ । यस अन्तरवार्तामा महिलाहरु माथि हुने घरेलु हिंसाको अवस्था तथा ज्ञान, प्रकार, कारण, असरहरु, समाधान र यसप्रति महिलाहरुको अवधारणा सम्बन्धि प्रश्नहरु सोधि तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.४ वैयक्तिक अध्ययन

अनुसन्धानको विधिहरुमध्ये वैयक्तिक अध्ययन विधि पनि एक महत्वपूर्ण विधि हो । वैयक्तिक अध्ययनबाट कुनै पनि व्यक्तिको वास्तविक जीवनशैलीलाई बुझ्न सकिन्छ । उसको जीवनको विगतदेखि वर्तमान अवस्थासम्म जानकारीहरु प्राप्त गर्न सकिन्छ । यस अध्ययनमा कीर्तिपुर नगरपालिका वडा नं. ९ ढोकासी टोलमा बसोबास गर्ने उत्तरदाता महिलाहरु मध्ये दुई जना महिलाहरुको वैयक्तिक अध्ययन गरिएको छ । महिलाहरुमाथि भएको घरेलु हिंसालाई बुझ्नका लागि उनीहरुको समग्र पक्षको अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अनुसन्धानबाट प्राप्त विभिन्न प्राथमिक तथा द्वितीयक तथ्याङ्क र सूचनाहरुलाई यसको प्रकृतिको आधारमा वर्गीकरण, तालिकीकरण गरी विश्लेषण गरिएको छ । यसमा गुणात्मक प्रकृतिका तथ्याङ्कहरु भए त्यसलाई आवश्यकता अनुसार व्याख्या, विश्लेषण गरिएको छ भने सङ्ख्यात्मक प्रकृतिका तथ्याङ्कहरु भए त्यसलाई क्रमबद्ध रुपमा तालिकामा प्रस्तुत गरी प्रतिशतमा वर्णन गरिएको छ ।

## ३.६ अध्ययनको सीमा

कुनैपनि अध्ययन गर्दा त्यसको निश्चित सिमा तोकिएको हुनुपर्दछ । यसबाट अनुसन्धानकर्तालाई सही निर्णय लिन सजिलो हुन्छ । यस अध्ययनमा सिमित स्रोत, साधनको अभावका कारणले गर्दा निश्चित उद्देश्य प्राप्त गर्नका लागि निश्चित क्षेत्रहरुमा मात्र सिमा निर्धारण गरिएको छु ।

प्रस्तुत अध्ययन कीर्तिपुर नगरपालिका वडा नं. ९ ढोकासी टोलमा बस्ने महिलाहरु माथि हुने घरेलु हिंसामा आधारित रहेको छ । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिहरुमध्ये ४० जना छनौटमा परेकासँग मात्र सिमित भएको छ । यस अध्ययनले निश्चित क्षेत्रका महिलामाथि हुने घरेलु हिंसालाई मात्र समेट्ने भएकोले सम्पूर्ण नेपाली महिलामाथि हुने घरेलु हिंसाको प्रतिनिधित्व गर्न सकिदैन । यस अध्ययन समाजशास्त्र/ मानवशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपुर्तिका लागि गरिएको भएतापनि अरु नेवारी महिलाहरुको सम्बन्धमा अध्ययन गर्न उपयोगी हुदैन ।

# अध्याय चार

# हिंसा पिडित महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था

## ४.१ सामाजिक आर्थिक अवस्था

नेपालको मुख्य पेशा कृषि भएता पनि वर्तमान समयमा कृषि पेशाका साथसाथै विभिन्न व्यापार व्यवसाय जागिर तर्फ मानिसहरुको रुचि बढेको पाईन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाताहरले अपनाउदै आएको पेशाको बारेमा जानकारी लिईएको थियो जसलाई तलको तालिकामा प्रसतुत गरिएको छ ।

**तालिका नं १, मुख्य पेशाको आधारमा महिलाको विवरण**

| उत्तरदाताको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| जागिर | १० | २५ |
| व्यापार | १० | २५ |
| कृषि | १७ | ४२.५ |
| अन्य | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७३

तालिका नं १, अनुसार उत्तरदाता महिलाहरुमध्ये सबैभन्दा धेरै महिलाहरुको प्रतिशत कृषि पेशामा संलग्न छ जहाँ ४२.५ प्रतिशत छन् भने जागिर र व्यापार पेसामा २५/२५ प्रतिशत रहेको छ भने अन्य पेसामा ७.५ प्रतिशत रहेको ५ ।

## ४.२ उमेरको विवरण

छनोटमा परेका उत्तरदाता महिलाहरु विभिन्न उमेर समूहमा रहेका छन् । तुलनात्मक रुपमा भन्नुपर्दा उत्तरदाता महिलाहरुमध्ये ३१-४० वर्ष उमेर समूहका महिलाहरुको सङ्ख्या सबैभन्दा बढी रहेको छ । यी समग्र महिलाहरुको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ उमेरका आधारमा महिलाको विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | ११ | २७.५ |
| ३१-४० | १९ | ४७.५ |
| ४१-५० | ८ | २० |
| ५१+ | २ | ५ |
| **जम्मा** | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका नं. २ अनुसार उत्तरदाता महिलाहरु २० देखि ३०, ३१ देखि ४०, ४१ देखि ५०, ५१+ गरी जम्मा ४ समूहमा रहेका छन् । जसमध्ये २०देखि ३० उमेर समूहका २७.५%, ३१ देखि ४० उमेर समूहका ४७.५%, ४१ देखि ५० उमेर समूहका २०%, ५१ देखि माथि उमेर समूहका ५% महिलाहरु रहेका छन् ।

नेपाली समाजमा जति समय बदलिए पनि आखिर उमेर जति भए पनि महिला कुनै न कुनै किसिमले हिंसामा परिरहेको नै पाइन्छ । महिला शारीरिक रुपमा हिंसामा कम परे पनि त्यो महिला मानसिक रुपमा आए पनि हिंसामा परेको पाइन्छ । महिला हिंसामा पर्ने उमेर ले निर्धारण नगरेको पाइन्छ । अर्थात् जुन सुकै उमेरमा पनि हिंसामा परेको पाइन्छ ।

## ४.३ परिवारको प्रकार

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुको परिवारको प्रकारको पनि अध्ययन गरिएको थियो, अध्ययनका क्रममा संयुक्त र एकल गरी दुई प्रकारका परिवारहरु पाईएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ३, परिवारको प्रकार**

| क.सं. | परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकात्मक | २७ | ६७.५ |
| २. | संयुक्त | १३ | ३२.५ |
| ३. | जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७३

तालिका नं ३, अनुसार उत्तरदाता महिलाहरुको एकात्मक र संयुक्त गरी २ प्रकारको परिवार पाईएको छ । जसमध्ये ६७.५ प्रतिशत महिलाहरु एकात्मक परिवारमा बस्दै आएको पाइयो भने ३२.५ प्रतिशत महिलाहरु संयुक्त परिवारमा बस्दै आएको पाईयो ।

## ४.४ वैवाहिक स्थिति

अध्ययनका क्रममा विवाहित महिलाहरुलाई नै उत्तरदाताहरुको रुपमा समेटिएको छ । उनीहरुको वैवाहिक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४, वैवाहिक स्थितिको विवरण**

| क.सं. | बैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विवाहित | ३९ | ९७.५ |
| २. | विधवा | १ | २.५ |
| | जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्यन, २०७३

तालिका नं ४, अनुसार उत्तरदाता महिलाहरुमध्ये विवाहित महिलाहरु ९७.५ प्रतिशत रहेका छन् भने विधवा महिलाहरु २.५ प्रतिशत रहेका छन् ।

## ४.५ शैक्षिक अवस्था

अध्ययनको क्रममा उत्तरदाता महिलाहरुको शैक्षिक अवस्थाको बारेमा जानकारी लिईएको थियो । उत्तरदाता महिलाहरुको शैक्षिक विवरणलाई पढाईको स्तरका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५, शैक्षिक विवरण**

| पढाइको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | ६ | १५ |
| प्रा.वि. तह (१-५) | ४ | १० |
| नि.मा.वि. तह (६-८) | ६ | १५ |
| मा.वि. तह (९-१०) | ३ | ७.५ |
| उच्च मा.वि. | ९ | २२.५ |
| स्नातक तह | ६ | १५ |
| स्नातकोत्तर तह | ६ | १५ |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्यन, २०७३

तालिका नं. ५ अनुसार उत्तरदाता महिलाहरुमध्ये अशिक्षित महिलाहरु १५ प्रतिशत रहेका छन् भने प्रा.वि. तह (१-५) सममको अध्ययन गर्ने महिलाहरु १० प्रतिशत रहेका छन् । नि.मा.वि. तह (६-८) सम्मको अध्ययन गर्ने महिलाहरु १५ प्रतिशत रहेका छन् भने मा.वि. तहसम्मको अध्ययन गर्ने महिलाहरु ७.५ प्रतिशत रहेका छन् । त्यस्तै गरी उच्च मा.वि. सम्मको अध्ययन गर्ने महिलाहरु २२.५ प्रतिशत रहेका छन् भने स्नातक तह र स्नातकोत्तर तह सम्मको अध्ययन गर्ने महिलाहरु १५-१५ प्रतिशत रहेका छन् ।

## ४.६ धार्मिक अवस्था

अध्ययनका क्रममा महिलाहरको धार्मिक विवरणलाई हेरिएको थियो । प्रस्तुत अध्ययनमा पनि विभिन्न धर्म मान्ने महिलाहरु छनौटमा परेका थिए । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ६, धार्मिक विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ३८ | ९५ |
| बौद्ध | २ | ५ |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७३

तालिका नं ६, अनुसार उत्तरदाता महिलाहरुमध्ये सबैभन्दा धेरै ९५ प्रतिशत महिलाहरु हिन्दु धर्म मान्दछन् । बौद्ध धर्म मान्ने महिला ५ प्रतिशत रहेका छन् ।

## ४.७ महिलाहरुको विवाह हुँदाको उमेरको विवरण

अध्ययनका क्रममा उत्तरदाता महिलाहरुको वैवाहिक उमेरको बारेमा पनि अध्ययन गरिएको थियो । उत्तरदाता महिलाहरुले के कति वर्षको उमेरमा विवाह गरेका रहेछन भनेर जानकारी लिईएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं ७, महिलाहरुको विवाह हुँदाको उमेर

| विवाह हुदाको उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १५-२० | १४ | ३५ |
| २०-२५ | १९ | ४७.५ |
| २५-३० | ७ | १७.५ |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७३

तालिका नं ७, अनुसार उत्तरदाता महिलाहरुमध्ये १५ देखि २० वर्षको उमेरमा विवाह गर्ने महिलाहरु ३५ प्रतिशत रहेका छन् भने सबैभन्दा धेरै २०-२५ वर्षको उमेरमा विवाह भएका महिलाहरु ४७.५ प्रतिशत रहेका छन् भने २५-३० वर्षको उमेरमा विवाह भएका महिलाहरु १७.५ प्रतिशत रहेका छन् ।

# अध्याय - पाँच

# महिलाहरुले भोगेका हिंसाको प्रकारहरु

## ५.१ परिचय

साधारण बोलीचालीको भाषामा महिलाहरुको हिंसा भन्नाले महिलाहरु माथि भएका अन्याय, अत्याचार र तिनीहरुलाई गरिने दुर्व्यवहारलाई बुझिन्छ । महिलाहरुलाई जन्म जात देखि लिएर आफू नमरुञ्जेलसम्म जीवनका विभिन्न पलहरुमा भिन्नाभिन्नै हिंसाहरु भएको पाईन्छ । यो हाम्रो समाज पुरुष प्रधान समाज भएकोले महिला भनेको खुट्टाका जुत्ता सम्झने र त्यसलाई अगाडी बढ्नबाट रोक्न विभिन्न रोकावटहरु पैदा गरि त्यसमाथि अन्याय र अत्याचार गरि हिंसा गरेको देखिन्छ भने हाम्रो समाजमा नै कुनै कुनै ठाउँमा त महिलालाई अनेक किसिमका लाञ्छना लगाई बोक्सीको आरोप लगाउने र त्यसलाईअमानवीय दुर्व्यवहार गरि विभिन्न किसिमका यातना दिई शारीरिक तथा सिक रुपमा समेत शोषित गरेको पाइन्छ । तसर्थ महिलाहरुमाथि हुने विभिन्न हिंसाका प्रकारहरु यस अध्याय मार्फत विस्तृत रुपमा प्रस्तुत गर्न खोजिएको छ ।

## ५.२ अध्ययन क्षेत्रका महिलाहरुले भोग्ने घरेलु हिंसाको प्रकारहरु

अध्ययनका क्रममा उत्तरदाता महिलाहरुले धेरै प्रकारका शारीरिक तथा मानसिक हिंसाहरु भागेको देखियो । शारीरिक हिंसा भनेको व्यक्तिको शरीरमा अरु व्यक्तिले घाउ चोटपटक लगाउनु, कुटपिट गर्नु, जलाउनु, बलात्कार गर्ने, गर्भपतन, एसिड वा अन्य रसायन प्रयोग गरी कुरुप बनाईदिने, कपाल समातेर तान्ने आदि जस्ता हिंसाहरु पर्दछन् । त्यस्तै गरी मानसिक रुपमा असर हुने खालका सम्पूर्ण हिंसाहरुलाई मानसिक हिंसा भनेर भनिन्छ । जस्तै गालीगलौज गर्नु, अनावश्यक रुपमा अरुको कुरा काट्नु, यौनजन्य व्यवहार गर्नु, बोक्सीको आरोप, व्यङ्ग्यात्मक छेडहानी, भावनात्मक चोट पुग्ने भनाईहरु सुनाउनु आदि हिंसा यस अन्तर्गत पर्दछन् ।उत्तरदाता महिलाले भोगेका हिंसाका प्रकारहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**उत्तरदाता महिलाहरु माथि गरिने हिंसाको प्रकारहरु**

| क.सं. | हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कुटपिट गर्ने | ६ | १५ |
| २. | गालीगलौज गर्ने | १२ | ३० |
| ३. | यौनजन्य व्यवहार गर्ने | ३ | ७.५ |
| ४. | मायाममताबाट वञ्चित | ५ | १२.५ |
| ५. | धम्की दिने | ५ | १२.५ |
| ६. | बलत्कार गर्ने | २ | ५ |
| ७. | बहुबिवाह | ३ | ७.५ |
| ८. | हिंसा नभागेका | ४ | १० |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १ का अनुसार श्रीमानले जाँडरक्सीको सेवन गरी शारीरिक र मानसिक रुपमा कुटपिटबाट पिडित उत्तरदाता महिलाहरुको संख्या ६ जना अर्थात् १५ प्रतिशत रहेको छ भने घरमा कामकाजको विषयलाई लिएर गालीगलौजबाट मानसिक रुपमा पिडित उत्तरदाता महिलाहरुको संख्या १२ जना अर्थात् ३० प्रतिशत रहेको छ । महिलाहरुको बिना स्वीकृति यौनजन्य व्यवहारबाट पिडित उत्तरदाता महिलाहरुको संख्या ३ अर्थात् ७.५ प्रतिशत रहेको छ । श्रीमान तथा अन्य परिवारका सदस्यहरुको माया ममताबाट वञ्चित उत्तरदाता महिलाहरुको संख्या ५ जना अर्थात् १२.५ प्रतिशत रहेको छ, त्यस्तै श्रीमातीले श्रीमानको इच्छा विपरीत काम गर्दा दिने धम्कीबाट पिडित उत्तरदाता महिलाहरुको संख्या ५ अर्थात् १२.५ प्रतिशत, बलात्कारबाट पिडित महिलाहरुको संख्या २ जना अर्थात् ५ प्रतिशत, बहुविवाहबाट पिडित महिलाहरुको संख्या ३ अर्थात् ७.५ प्रतिशत रहेका छन् भने हिंसाबाट पिडित नहुने उत्तरदाता महिलाहरुको संख्या ४ जना अर्थात् १० प्रतिशत रहेको देखिन्छ ।

यसरी उत्तरदाता महिलाहरु कुटपिट, गालीगलौज, यौनजन्य व्यवहार, माया, ममताबाट वञ्चित, धम्की दिने, गर्भपतन जस्ता हिंसाबाट पिडित भएको पाइएको छ । यस कुरालाई अझ बढी प्रष्ट पार्नको लागि हिंसाबाट पिडित महिलाबल्कु महर्जनको भनाईलाई यसमा समावेश गरिएको छ ।

> मेरो श्रीमानले घर बाहिरी कामका शिलशिलामा अत्याधिक जाडरक्सी तथा मादक पदार्थको सेवन गरी घरमा ढिलो आउने गर्दछ । मैले श्रीमानलाई घरमा रक्सी सेवन गऱ्यो, ढिलो आयो भनेर गाली गर्ला, झगडा पर्ला भनेर उल्टै श्रीमानले मलाई विभिन्न बहानामा निहुँ खोज्ने, स-सानो कुरालाई ठुलो बनाउने गर्नु हुन्छ । घरमा श्रीमतीले श्रीमानको आफ्नो इच्छाअनुसार नचल्दा विभिन्न किसिमका नकरात्मक सोच राखेर अन्य केटाहरुसँग उठबस गर्छेस्, बढी बाहिर हिड्डुल गर्छेस् जस्ता विभिन्न किसिमका लाञ्छनाहरु लगाई गालीगलौज गर्नुहुन्छ । घर नजिकका छरछिमेकहरुले श्रीमान-श्रीमती झगडा गर्नुहुँदैन, झगडा गर्दा छोराछोरीलाई नराम्रो असर पर्दछ भनेर सम्झाउँदा पनि श्रीमानले श्रीमतीको बानी नराम्रो भएको, पागलजस्तै व्यवहार गरेको भएर आफूले यस्तो गरेको हुँ भनेर उत्तर दिनुहुन्छ भने अर्को तर्फ श्रीमान चाँही दिनहु जसो साथीहरुको लहलहैमा लागेर कमाइ गरेको पैसाले जाँडरक्सी, मदिरा सेवन गर्ने स्थानहरुमा गई जाँडरक्सीको सेवन गर्ने, अन्य स्त्रीहरुको संगत गरी बहुविवाह गर्छु भनेर धम्की दिने, घरमा कुनै पनि प्रकारको जिम्मेवार बहन नगरी श्रीमती तथा छोराछोरीलाई समेत कुटपिट, गालीगलौज गरी जबरजस्ती यौनजन्य व्यवहार गर्नुहुन्छ ।

यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरु माथि परिवारका सदस्यहरुबाट विभिन्न प्रकारका हिंसाजन्य दुर्व्यवहारहरु भएको पाइन्छ । उत्तरदाता महिलाहरु माथि परिवारका सदस्यहरुबाट हुने गरेका हिंसाको प्रकारहरु निम्न लिखित छन् ।

## ५.३ उत्तरदाता महिलाहरु माथि परिवारका सदस्यहरुबाट हुने गरेका हिंसाका प्रकारहरु

यस अध्ययन क्षेत्रका अधिकांश उत्तरदाता महिलाहरु श्रीमान र परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । श्रीमान शिक्षित भए पनि अत्यधिक रक्सी सेवनका कारण श्रीमतीलाई शारीरिक र मानसिक दुवै यातना दिएका छन् भने परिवारका अन्य सदस्य सासू, ससुरा, नन्द र देवरबाट मानसिक यातना भोग्दै आएका छन् । विधवा महिलाहरु परिवारबाट अपहेलित भएको पाइएको छ । यी समग्र उत्तरदाता महिलाहरुमाथि भएका हिंसालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**महिलाहरु माथिको हिंसाकर्ता र प्रकारहरु**

| क्र.सं. | पिडक पक्ष | हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | श्रीमान | कुटपिट तथागालीगलौज गर्ने | ११ | २७.५ |
| २. | ससुरा | गालीगलौज गर्ने | ६ | १५ |
| ३. | सासु, नन्द, आमाजु | कुटपिट तथा गालीगलौज गर्ने | १४ | ३५ |
| ४. | देवर | धम्की | ५ | १२.५ |
| ५. | हिंसामा नपरेका | - | ४ | १० |
| | | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. २ का अनुसार उत्तरदाता महिलाहरुमाथि भएका हिंसाहरुमा पिडक पक्षका रुपमा श्रीमान, सासु, ससुरा, नन्द, आमाजु, देवर आदि रहेको पाईयो । जसमध्ये श्रीमानबाट गालीगलौज र कुटपिटबाट पिडा भोगेका महिलाहरु ११ जना अर्थात् २७.५ प्रतिशत रहेछन् भने ससुराबाट गालीगलौज पाएका महिलाहरु ६ जना अर्थात् १५ प्रतिशत रहेछन्  त्यस्तै सासु, नन्द, आमाजुबाट कुटपिट र गालीगलौज पाएका १४ जना अर्थात् ३५ प्रतिशत र देवरबाट ज्यान लिने धम्की पाएका महिलाहरु ५ जना अर्थात् १२.५ प्रतिशत रहेको पाईयो भने बाँकी ४ जना अर्थात् १० प्रतिशत महिलाहरु हिंसाबाट अलग रहेको पाइयो ।

समग्रमा उत्तरदाता महिलाहरु माथि हिंसाका प्रकारलाई हेर्दा आफ्नै घरपरिवारका विभिन्न सदस्यहरु सासु, ससुरा, देवर, आमाजु, नन्द आदिबाट शारीरिक र मानसिक पिडाहरु दिएको पाईयो भने महिलाले घरमा गरेको कामको विषयलाई लिएर हिंसा गरेको तथा श्रीमानलाई अनावश्यक कुरा सुनाई श्रीमानबाट श्रीमतीलाई कुटाई, पिटाई गर्न र अपहेलित दृष्टिकोणले हेर्न अभिप्रेरित गरिएको पनि पाइएको छ। विधवा महिलालाई देवरले ज्यान मार्ने धम्की दिने गरेको पाइएको छ । सकेसम्म सहेर बस्नु पर्ने, श्रीमान तथा परिवारका सदस्यहरुको उजुरी गरेर फाइदा नभएको धारणा उत्तरदाता महिलाहरुबाट राख्ने गरेको पाईयो ।

यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरु माथि उमेर चक्रका आधारमा पनि विभिन्न प्रकारका हिंसाहरु भएको पाइन्छ । उत्तरदाता महिलाहरुको उमेर चक्र अनुसार हिंसाको प्रकारहरु निम्न लिखित छन् ।

## ५.४ उत्तरदाता महिलाको जीवनचक्र अनुसारको हिंसाको प्रकार

नमूना छनौटमा परेका उत्तरदाता महिलाले आफ्नो जिवनको विभिन्न अवस्थामा भोगेका विभेद तथा हिंसाको प्रकारलाई प्रस्तुत गर्ने क्रममा उत्तरदाता महिलाले आफ्नो जिवनको बाल्य अवस्था, किशोर अवस्था, युवा अवस्था तथा गर्भ अवस्थामा भोगेका हिंसालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

### ५.४.१ बाल्य अवस्था

**तालिका नं. ३**

**उत्तरदाता महिलाहरुले बाल्य अवस्थामा भोगेको हिंसाको प्रकारहरु**

| क्र.सं. | हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पढ्न नपाएको | १७ | ४२.५ |
| २. | बाल विवाह | ७ | १७.५ |
| ३. | हिंसा नभएको | १६ | ४० |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार छनौटमा परेका उत्तरदाता महिलाहरुले बाल्य अवस्थामा भोग्न पुगेका हिंसाको प्रकारलाई विश्लेषण गर्दा पढ्न नपाएको उत्तरदाता महिलाहरुको संख्या १७ जना अर्थात् ४२.५ प्रतिशत रहेका छन् भने बाल विवाह गर्न बाध्य भएका उत्तरदाता महिलाहरुको संख्या ७ जना अर्थात् १७.५ प्रतिशत रहेका छन् त्यस्तै गरी बाल्य अवस्थामा हिंसा नभएको उत्तरदाता महिलाहरु १६ जना अर्थात् ४० प्रतिशत रहेका छन् ।त्यस्तै गरी बाल्य अवस्थामा भोगेको हिंसालाई उत्तरदाता महिला ललीता श्रेष्ठका भनाईबाट पुष्टि गर्न सकिन्छ ।

> बाल्यावस्थामा आफु महिला भएकै कारणले पढ्न नपाएको, छोरीलाई पढाएर के हुन्छ, छोरीको जात भनेको अरुको घरमा बिहे गरेर जान्नुपर्ने जात भएकोले अहिले पढाएर किन पैसा खर्च गर्ने भन्ने नराम्रो सोच समाजमा रहेको पाइन्छ भने घर परिवारमा आफ्ना आमाबुबा घरधन्दामा जान्छन् र आफूभन्दा सानो भाइबहिनीलाई हेरविचार गर्नु परेको भएर पनि पढ्न नपाएको हो । बाल्य अवस्थामा हिंसामा नपरेको तर पढ्न नपाएका कारण निरक्षर जीवन बिताउन बाध्य भएपछि जीवनका अन्य अवस्थाहरुमा विभिन्न प्रकारका हिंसाजन्य दुर्व्यवहार भोग्नु परेको छ ।

समग्रतामा विश्लेषण गर्दा श्रेष्ठका भनाईबाट के कुरा प्रष्ट हुन्छ भने उत्तरदाता महिलाहरुको जीवनको बाल्य अवस्थामा नै शिक्षाको अवसरबाट वञ्चित हुन पुगेको कारण जिवनयापनका हरेक पक्षमा पनि पछि पर्न गएको यस अध्ययनले देखाएको छ ।

### ५.४.२ किशोर अवस्था

**तालिका नं. ४**

**उत्तरदाता महिलाहरुले किशोर अवस्थामा भोग्नु परेका हिंसाका प्रकारहरु**

| क.सं. | हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरको काममा विभेद | २९ | ७२.५ |
| २. | बलत्कार | १ | २.५ |
| ३. | हिंसा नपरेका | १० | २५ |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार नमुना छनौटमा परेका उत्तरदाता महिलाहरुमा २९ जना, अर्थात् ७२.५ प्रतिशत महिलाहरु घरभित्रको काममा विभेदीत अवस्थामा रहेको पाइयो भने १ जना अर्थात् २.५ प्रतिशत बलत्कारमा परेका तथा हिंसामा नपरेका महिलाहरु १० जना अर्थात् २५ प्रतिशत रहेका छन् । त्यस्तै गरी किशोर अवस्थामा भोग्नु परेका हिंसालाई अझ राम्ररी बुझ्नको लागि उत्तरदाता महिला सीता महर्जनका भनाईलाई यहाँ प्रस्तुत गरिएको छ ।

> महिलाहरु आफू महिला भएकै कारणले गर्दा बिहान सबेरै उठेर घर सरसफाई गर्नुपर्ने, खाना बनाउनु पर्ने, लुगा धुने र घरको कामहरु केटा मान्छेले गर्नुहुँदैन, केटाले लुगा, धुँदा, घरधन्दा गर्दा अलच्छिन लाग्छ भन्ने सामाजिक रुढीवादी मूल्य-मान्यता परम्परा तथा मानसिकताले गर्दा महिलाले घरको काम बढी गर्नु परेको छ । यस्तैगरी घर तथा हाटेलमा काम गर्नका लागि राखिएका महिलाहरुलाई सोही क्षेत्रका पुरुषहरुबाट बलात्कृत भएको देखिन्छ भने केटा र केटी दुई साथीहरु बीच पनि केटी बलत्कृत भएको पाइन्छ ।

समग्रतामा विश्लेषण गर्दा सीता महर्जनको भनाईबाट के कुरा प्रष्ट हुन्छ भने धेरै जसो उत्तरदाता महिलाहरु अशिक्षित भएको कारणले गर्दा घरको काममा विभेद भएको देखिन्छ भने महिलाहरु अरुको घरमा काम गर्न जाँदा र साथीहरुको नराम्रो संगतको लहलहैमा लागेर महिला आफै बलत्कृत हुने गरेको पाइन्छ ।

### ५.४.३ युवा अवस्था

**तालिका नं. ५**

**उत्तरदाता महिलाहरुले युवा अवस्थामा भोगेका हिंसाका प्रकारहरु**

| क्र.सं. | हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरेलु हिंसा | १५ | ३७.५ |
| २. | दाइजोको कारण हिंसा | १३ | ३२.५ |
| ३. | हिंसा नभोगेको | १२ | ३० |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

उक्त तालिकाअनुसार उत्तरदाता महिलाहरुमध्ये १५ जना अर्थात् ३७.५ प्रतिशत महिलाहरु घरेलु हिंसाबाट पिडित भएको देखिन्छ । बुहारी भएकै कारणबाट खानामा विभेद गर्ने, बुहारीलाई हेला गर्ने, घरको काम बुहारीले मात्र गर्नुपर्ने जस्ता विभिन्न किसिमका हिंसाहरु भएको पाइयो । महिला हिंसामा पर्नुमा दाईजो पनि एक कारण बन्न पुगेको देखिन्छ भने १३ जना महिलाहरु अर्थात् ३२.५ प्रतिशत महिलालाई दाइजो कम ल्याएको भनी श्रीमान तथा परिवारका अन्य सदस्यहरु मिलि गालीगलौज गर्ने गरेको, अपमानित सहनु परेको अवस्था देखिन्छ भने खाने कुरामा पनि विभेद गरेका, कति दाइजो ल्याएको छस् र धेरै खर्च गर्छेस्, जस्ता शब्दहरुको प्रयोग गरेको, घरको सबै सदस्यहरुले हेला गरेको पाइयो । त्यस्तै गरेर कुनै पनि हिंसाको शिकार नभएको महिला १२ जना अर्थात् ३० प्रतिशत महिलाहरु भेटियो ।

### ५.४.४ गर्भ अवस्था

**तालिका नं. ६**

**उत्तरदाता महिलाहरुले गर्भ अवस्थामा भोगेका हिंसाका प्रकारहरु**

| क.सं. | हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पोषिलो खानाको अभाव | १२ | ३० |
| २. | घरका काम गर्नु परेका | ७ | १७.५ |
| ३. | हिंसा नभोगेको | २१ | ५२.५ |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिकाअनुसार गर्भ अवस्थामा पोषिलो खानाको अभाव भएका उत्तरदाता महिलाहरुको संख्या १२ जना अर्थात् ३० प्रतिशत रहेका छन् भने घरको काम गर्नु परेका उत्तरदाता महिलाहरुको संख्या ७ जना अर्थात्१७.५ प्रतिशत रहेका छन् । त्यस्तै गरी २१ जना अर्थात ५२.५ प्रतिशत उत्तरदाता महिलाहरुले गर्भ अवस्थामा परिवारबाट माया, प्रेम सहयोग पाएको कुरा यस अध्ययनका क्रममा देखिएको छ । त्यस्तै गरी यस कुरालाई उत्तरदाता महिला रेखा महर्जनका भनाईबाट पुष्टि गर्न सकिन्छ ।

> यस्तो गर्भ अवस्थामा पनि शारीरिक तथा मानसिक दुवै जोखिमलाई ख्याल नगरीकन बढी भन्दा बढी घरको काम गर्नुपर्दछ । आर्थिक स्थिति कमजोर भएको कारणले गर्दा सुत्केरी अवस्थामा आवश्यक पोषिलो खानेकुराको अभाव भएको हो । कहिलेकाँही घरमा मीठो र पोषिलो खानेकुरा पकाउँदा अथवा हुदाँ सबैले खाएर बाँकी रहेको छ भने मात्र खान पाइने तर बाँकी रहेको छैन भने जे जे छ त्यही खानुपर्ने अवस्था रहेको छ । त्यस्तै बुहारी भएकै कारणले घरको सबै काम एक्लैले गर्नु परेको भएता पनि कहिल्यै कामबाट जस नपाएको पाइन्छ ।

## ५.५ महिलाहरुमा भएको हिंसाको जानकारी

यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरुलाई हिंसा भनेको के हो ? तपाईलाई थाहा छ ? तपाई कस्तो प्रकारको क्रियाकलापलाई हिंसा भन्नुहुन्छ ? भनीप्रश्न गरिएको थियो । उक्त प्रश्नको उत्तरमा कतिपय महिलाहरुलाई त हिंसा भनेको के हो सोको जानकारी नै नभएको पाईयो भने कतिपय महिलाहरुले विभिन्न क्रियाकलापलाई हिंसा मान्ने गरेको पाईयो । जसलाई तलको तालिका देखाईएको छ ।

**तालिका नं. ७**
**महिलाहरुमा भएको हिंसाको जानकारी सम्बन्धी विवरण**

| क्र.सं. | उत्तरदाताको विचारमा हिंसाको क्रियाकलाप | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कुटपिट, गालीगलौज | ८ | २० |
| २. | शिक्षामा विभेद | ६ | १५ |
| ३. | खानपानमा विभेद | ४ | १० |
| ४. | बोक्सीको आरोप लगाउनु | ४ | १० |
| ५. | सम्पत्तिको बाडँफाडँमा भेदभाव गर्नु | ३ | ७.५ |
| ६. | अपहेलना गर्नु | ५ | १२.५ |
| ७. | छोराछोरीमा भेदभाव गर्नु | ५ | १२.५ |
| ८. | थाहा नभएको | ५ | १२.५ |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. ७ अनुसार, उत्तरदाता महिलाहरुमध्ये ८ जना अर्थात् २० प्रतिशत महिलाहरुले कुटपिट र गालीगलौज जस्ता क्रियाकलापहरु लाई हिंसा भएको मान्दछन् भने शिक्षामा विभेद गर्नु, छोरीलाई पढ्ने अवसर नदिनुलाई हिंसा मान्ने महिलाहरुमा ६ जना अर्थात् १५ प्रतिशत, खानपानमा विभेद गर्नेलाई हिंसा मान्नेमा ४ जना अर्थात् १० प्रतिशत, बोक्सीको आरोप लगाउनुलाई हिंसा मान्नेमा ४ जना अर्थात् १० प्रतिशत, सम्पत्तिको बाडँफाडँमा भेदभाव गर्नुलाई हिंसा मान्नेमा ३ जना अर्थात् ७.५ प्रतिशत, अपहेलना गर्नुलाई हिंसा भन्नेमा ५ जना अर्थात् १२.५ प्रतिशत र छोराछोरीमा भेदभाव गर्नुलाई हिंसा मान्नेमा ३ जना अर्थात् १२.५ प्रतिशत महिलाहरु रहेका छन् भने बाँकी ५ जना अर्थात् १२.५ प्रतिशत महिलाहरु हिंसा भनेको के हो ? थाहा नै नभएको बताउँछन् ।

# अध्याय - छ

## महिलाहरुले भोगेका हिंसाको कारण र हिंसा सहनुका कारणहरु

### ६.१ परिचय

हाम्रो समाज पुरुष प्रधान समाज हो । यहाँ हरेक क्षेत्रमा महिलाको तुलनामा पुरुषको स्थान धेरै महत्वपूर्ण रहेको पाईन्छ । महिलाहरु महिला भएकै कारण बढी मात्रामा हिंसाका शिकार बन्ने गरेको पाईन्छ । महिलाहरु विभिन्न कारणले गर्दा हिंसाको शिकार बन्ने गरेका छन् । जस्तै आर्थिक कारण, सामाजिक कारण, राजनैतिक आदि कारणबाट हिंसित भएका छन् । आर्थिक स्रोत साधनहरुमा महिलाको पहुँच नहुनु त्यस्तै गरी विभिन्न परम्परागत मूल्य-मान्यता, साँस्कृतिक कारणहरु जस्तै छाउपडी प्रथा, देउकी प्रथा पनि महिला हिंसाका कारणहरु हुन् । तसर्थ महिलाहरुमाथि हुने विभिन्न हिंसाका कारणहरु यस अध्याय मार्फत विस्तृत रुपमा प्रस्तुत गर्न खोजिएको छ ।

### ६.२ महिलाहरुमाथि हुने हिंसाको कारणहरु

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुसँग हिंसाका विभिन्न कारणहरु पत्ता लगाइएको थियो । जसअन्तर्गत जाँडरक्सी सेवनको कारण, दाईजोको कारण, बहुविवाहको कारण, सम्पत्ति माथि महिला स्वामित्वको अभावका कारण र परम्परागत कुसंस्कार र अशिक्षा आदिको कारणले महिलाहरु हिंसाको शिकार भएका छन् । यसरी उत्तरदाता महिलाहरु हिंसा पिडित बन्नुपरेका कारणहरुलाई तलको तालिकामा पनि प्रस्तुत गरिएको छ ।

## तालिका नं. ८

## उत्तरदाता महिलाहरु माथि भएका हिंसाका कारणहरु

| क्र.सं. | हिंसाका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जाडँरक्सी सेवन | १२ | ३० |
| २. | दाइँजो | ६ | १५ |
| ३. | बहुविवाह | ३ | ७.५ |
| ४. | परम्परागत कुसंस्कार | ५ | १२.५ |
| ५. | अशिक्षा | ७ | १७.५ |
| ६. | गरीबी तथा आर्थिक स्थिति कमजोरका कारण | २ | ५ |
| ७. | बलत्कार | २ | ५ |
| ८. | हिंसा नभोगेका | ३ | ७.५ |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथि उल्लेखित गरिएको तालिकाअनुसार उत्तरदाता महिलाहरुमध्ये १२ जना अर्थात् ३० प्रतिशत महिलाहरु पुरुषहरुले सेवन गर्ने जाडँरक्सीका कारण हिंसामा परेको देखिन्छ, ६ जना अर्थात् १५ प्रतिशत महिला विवाह हुँदा घरमा दाईजो नल्याएको निहुँमा हिंसामा परेको देखिन्छ भने ३ जना अर्थात् ७.५ प्रतिशत महिलाहरु बहुविवाहका कारण, ५ जना अर्थात् १२.५ प्रतिशत महिला परम्परागत रुपमा चल्दै आएको कुसंस्कारका कारण, ७ जना अर्थात् १७.५ प्रतिशत महिलाहरु अशिक्षाका कारण, २ जना अर्थात् ५ प्रतिशत महिलाहरु गरीबी तथा आर्थिक स्थिति कमजोर भएका कारण, २ जना अर्थात् ५ प्रतिशत बलात्कारका कारण हिंसामा परेको र बाँकी ३ जना अर्थात् ७.५ प्रतिशत उत्तरदाता महिलाहरुले हिंसा नभोगेका पाईयो । त्यस्तै गरी यस अध्ययनका क्रममा गर्भपतन र बोक्सीको आरोपको कारणबाट महिलाहरु पिडित भएको पाईदैन ।

यसरी उत्तरदाता महिलाहरुले दिएको तथ्यको आधारमा महिलामाथि हुने गरेका हिंसाका विभिन्न कारणहरु रहेका छन् । ती कारणहरुलाई तल बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

### ६.२.१ जाँडरक्सी सेवन

नमूना छनोटमा परेका उत्तरदाता महिलाहरुमा गरिएको अध्ययनमा महिलाहरु जाँडरक्सी तथा मादक पदार्थको शिकार भएर बस्न बाध्य रहेको देखिएको छ । परिवारका व्यक्तिहरु शिक्षित भइकन पनि मानवीय व्यवहारको कमीले गर्दा महिलाहरु आफ्नै श्रीमानले जाडँरक्सीको सेवन गरेका कारण आफूले दुःख पाउन पुगेको बताउँनुहुन्छ । यसलाई धनमाया महर्जनको भनाईबाट पुष्टी गर्न सकिन्छ ।

> मेरो (धनमाया) श्रीमान दिनभरी ज्याला मजदुरी गर्ने काम गर्नुहुन्छ । दिनभरी काम गर्ने अनि राती घरमा आउँने बेलामा अत्याधिक जाँड रक्सी खाएर आउनु हुन्छ । घरमा धेरै समस्याहरु हुन्छन् तर श्रीमानले घरपरिवारको बारेमा सोच्नुहुन्न । घरपरिवारका सदस्यहरु बिरामी हुँदा पनि वास्ता नगर्ने, छोरा-छोरीका आधारभूत आवश्यकताहरुलाई पनि पूरा गर्दैन । जाँडरक्सी खाई कहिले घरमा ढिला राती आउने गर्नुहुन्छ भने काम नभएको समयमा कहिले दिउँसो जाडरक्सी खाएर आउने गर्दछ । जाडँरक्सीको सेवन गरेर घरमा आएपछि घर परिवारका सदस्यहरुलाई देखी नसहने प्रवृत्ति रहेको छ । स-सानो कुरालाई पनि ठूलो बनाएर एउटै कुरा पटक-पटक दोहोऱ्याई कोट्याइ रहन्छ । दिनहुँ जसो यस्तै व्यवहार आफूले सहनुपर्दा हामीलाई पनि रिस उठेको हुन्छ । हामीले श्रीमानलाई तपाई जहिले जाँडरक्सीको सेवन बढी गर्नुहुन्छ, यसले हामीलाई हाम्रो, परिवारलाई फाइदा गर्दैन, जाँडरक्सीको सेवन नगर्नुस् भनेर सम्झाउँदा उल्टै श्रीमानले तेरो बाउको सम्पत्तिको खाएको छैन, मेरो आफ्नै कमाईले खाएको हो, मलाई कति धेरै tension छ भनेर भन्नुहुन्छ । फेरी मैले किन के कुरामा tension भयो ? भनेर प्रश्न गर्दा तलाई केही थाहा छैन, तलाई किन चाहियो, तँ किन बढी जान्ने, बुझ्ने भएको हो भनेर नराम्रो शब्दहरुको प्रयोग गरी गालीगलौज गर्ने र कहिलेकाँही कुटपिट समेत गर्ने गर्दछ ।

यसरी उत्तरदाता महिलाहरुको विश्लेषण गर्दा महिलाहरुमाथि हुने हिंसाका कारणहरुमा मुख्य गरी पुरुषले सेवन गर्ने अत्याधिक जाँडरक्सीका कारण बढी देखिन्छ । जाँडरक्सीका कारण महिलामाथि हुने हिंसाको प्रकृतिलाई हेर्दा बढी कुटपिट, नराम्रो शब्दको प्रयोग गरी गालीगलौज जस्ता मानसिक यातना दिने, तिरस्कार र हेयको दृष्टिकोण राखेको

यस अध्ययनका क्रममा देखियो भने महिलाहरु आफु अविवाहित भएतापनि साथीहरुको लहलहैमा नराम्रो संगतमा फसेर पुरुषहरुबाट बलत्कृत हुन पुगेको पाइन्छ ।

### ६.२.२ दाईजो

नमूना छनोटमा परेका उत्तरदाता महिलाहरुमा गरिएको अध्ययनमा विवाहमा केटा अथवा केटा पक्षका अन्य परिवारका सदस्यहरुले अपेक्षा गरे जत्तिको दाईजो केटीको माइती पक्षले दिन नसक्दा अथवा नदिएका कारण वैवाहिक जिवनमा हिंसा सहन बाध्यता भएको कुरा बताउँदछन् । श्रीमान् तथा घर परिवारका सदस्यहरुले बिहे गरेको शुरुशुरुमा धेरै माया गर्ने, परिवार बाहिरका व्यक्तिहरुको अगाडी माया, प्रेम देखाउने गर्दछन् तर जब बैवाहिक जीवन बित्दै जान्छ, केटा पक्षले अपेक्षा गरेको दाइजो केटीका माइती पक्षले पुरा गर्न सक्दैनन तब केटीलाई अपहेलित दृष्टिकोणले हेर्ने गरेको पाइन्छ । यो कुरालाई प्राणमाया महर्जनले भनेको कुराबाट पुष्टि गर्न सकिन्छ ।

> मलाई मेरो परिवारका सदस्यहरुले हेप्नुको मुख्य कारण भनेको दाइजो हो । मेरो विवाहमा श्रीमान पक्षकाले भनेजस्तो सोचे जस्तो दाइजो माइती पक्षले नराखी दिएकोले श्रीमान पक्षको इज्जत गुमेको हो भनेर मलाई हेप्ने गरेको छ । दाइजोको कारणले घरमा काम गर्दा गर्दै केही काम अलिकति बिग्रन पुग्यो भने अथवा गरेको काम ढिला भयो भने विभिन्न बहानाहरु बनाई घरपरिवारका सदस्यहरुले हेप्ने, होच्याउने गर्दछ । जस्तै केही काम गर्दागर्दै सामानहरु बिग्रदा तिम्रो माइतीमा यस्तो काम गरेको छैन, माइतीबाट दाइजो ल्याएको भएर सामान बिगारेको, तिम्रो माइतीले अहिलेसम्म के सम्पत्ति दिएको छ ?, काम गर्ने ढङ्ग छैन, हाम्रो सम्पत्तिको लोभ गरेर अरु कोही केटा फेला नपरेर मेरो छोरालाई फसाउन आएकी होस्, अलल्छिन केटी आदि नराम्रो शब्दहरुको प्रयोग गरिन्छ । घरको कुनैपनि सरसल्लाह गर्ने वा निर्णय गर्ने काममा मलाई सरिक गराउँदैन, अफै त्यसमाथि मेरो बिहे गरेको ५ वर्ष भइसक्दा पनि कुनै सन्तान नभएको कारणले गर्दा परिवारका सदस्यहरुले हेप्ने गरेको पाईन्छ भने एउटै घरमा देउरानी र जेठानी दुई बीचमा पनि धेरै भेदभाव गर्ने, देउरानीले बिहेमा प्रशस्त दाईजो लिएर आएकी र बिहे गरेपछि देउरानीले छोरी जन्माएकी भएर पनि उनलाई अलि राम्रो व्यवहार गर्ने, खानपान गर्दा सम्मानजनक रुपमा माया गर्ने तर मैले दाईजो नल्याएको र सन्तान नभएको कारणले गर्दा मलाई बढी काममा लगाउने, म आफू माइती केही दिनको लागि जाँदा घरधन्दा गर्नुपर्छ छिटो घर आउ भनेर फोन गर्ने तर बिरामी हुँदा वास्ता गर्दैनन् ।

यस्तो प्रकारको भनाईबाट के कुरा प्रष्ट हुन्छ भने महिलाहरु बिवाह गरेर श्रीमानको घरमा आउँदा श्रीमान तथा श्रीमानको परिवारले सोचे जत्तिको वा भने जत्तिको दाइजो नल्याएको वा कम ल्याएको भनेर हिंसा गरिएको देखिन्छ । बिवाह हुँदा दाइजो कम ल्याएको निहुँमा आफ्नो श्रीमानबाट भन्दा पनि घरका अन्य सदस्यहरु जस्तै सासु, ससुरा, नन्द, आमाजु, देवर, आदिबाट बढी पिडित भएको देखियो त्यस्तै गरी एउटै घरभित्र हुने हिंसा पनि फरक-फरक प्रकारको हुने गरेको देखिन्छ । अलि धनी परिवारको केटी विवाह गरी प्रशस्त दाइजोको साथ ल्याइएको छ भने त्यस महिलालाई सम्मानजनक व्यवहार गरेको यस अध्ययनमा देख्न सकिन्छ ।

### ६.२.३ बहुबिवाह

समाजमा महिला हिंसा हुनुका विभिन्न कारणहरुमध्ये बहुबिवाह पनि एक मुख्य कारणको रुपमा रहेको छ । बहुबिवाह गर्नुको पछाडि धेरै सामाजिक कारणहरु रहेका हुन्छन् । जस्तै :- बिहेमा सोचेजस्तो, भने जस्तो दाईजो नपाएर, कुलतमा फसेर, साथीभाईको नराम्रो संगतमा लागेर, श्रीमतीले छोरी-छोरी मात्र पाई छोरा पाइन भनेर, श्रीमती राम्रो, पढेकी भईन आदि विभिन्न बहानाहरु राखी घरमा एउटा श्रीमती हुँदाहुँदै अर्को विवाह गर्ने परम्परा नेपाली समाजमा व्याप्त रहेको देखिन्छ, जुन कुरा यस अध्ययनका क्रममा पनि पाइयो । अध्ययन गरिएका ४० जना उत्तरदाता महिलाहरुमध्ये ३ जना महिलाहरुको श्रीमानले दोस्रो विवाह गरी विभिन्न पिडाहरु दिएको बताउँदछन् । यस अध्ययनका क्रममा उत्तरदाता महिलालाई छोरीको बिहे गर्ने उमेरमा तपाईको श्रीमानले अर्की श्रीमती ल्याउँदा तपाईलाई कस्तो लाग्यो ? भनेर प्रश्न गर्दा धन महर्जन को भनाई यस प्रकार रहेको छ ।

> यो पुरुष प्रधान समाजमा पुरुषले जे गर्दा पनि समाजले स्वीकार गर्ने तर हामी जस्ता महिलाहरुले आफ्नो बालबच्चाको भोको पेट पाल्न ईमानदारका साथ काम गर्दा पनि जस पाउदैन । यो स्वार्थी संसारमा पुरुषहरुले फेरि फेरि विवाह गर्न पाउने तर महिलाहरुले पर पुरुषलाई एकै छिन बोल्दा, हाँस्दा पनि शंकाको दृष्टिले हेरी आफु परस्त्रीको संगतमा लागे जस्तै श्रीमती पनि परपुरुषसँग लागि हालेछिन् कि भनेर छाडा बोलीको प्रयोग गरी कुटपिट तथा गालीगलौज गर्दछन् ।

यस भनाईबाट के पुष्टि हुन्छ भने श्रीमान्हरु जतिसुकै शिक्षित, जान्ने, बुझ्ने भएतापनि घरमा श्रीमती भइकन पनि परस्त्रीहरुसँग लाग्ने, श्रीमतीलाई बहुबिवाह गर्छु भनेर धम्की दिने गरेको पाइन्छ । यसरी परिवारमा पुरुषहरुले स-सानो निहुँमा बहुबिवाह गर्न अभिप्रेरित हुन पुगेको देखिन्छ भने गरीबी तथा आर्थिक अवस्था कमजोर एंव अशिक्षाका कारण महिलामाथि हिंसा हुने गरेको यस अध्ययनका क्रममा देखियो, जुन पिडा शारीरिक रुपमा भन्दा बढी मानसिक रुपमा रहेको अनुमान गर्न सकिन्छ ।

### ६.२.४ सम्पत्ति माथि महिला स्वामित्वको अभाव

महिलामाथि हुने घरेलु हिंसाका विभिन्न कारणहरुमध्ये सम्पत्तिमाथि महिलाको स्वामित्वको अभाव हुनु पनि एक हो । कानुनी रुपमा सम्पत्तिमाथि महिलाहरुको स्वामित्व रहेको छ भनिए तापनि व्यवहारमा पाइएको छैन । हाम्रो समाजमा परिवार नै गरिबीको रेखामुनी रहेको देखिन्छ । परिवारमा आयआर्जन गर्ने काममा पुरुषहरु नै बढी सरीक भएको, महिलाहरुलाई केबल घरभित्रका कार्यहरु जस्तै :- खाना बनाउने, खुवाउने, सरसफाई गर्ने, लुगा धुने, बालबच्चालाइ स्याहार-सुसार गर्ने आदिजस्ता अनुत्पादक कामहरु गराइएको हुन्छ जसको आर्थिक मूल्याङ्कन गरिएको हुँदैन । महिलाहरु बिहान उठेदेखि बेलुका नसुतुञ्जेलसम्म घरायसी काममा व्यस्त हुन्छन् । यसरी जत्तिसुकै काम गर्दा पनि कामलाई गणना गरिएको पाईदैन । नेपाली समाजमा एउटा परिवारमा महिला र पुरुष दुई बीच महिलाहरुको आर्थिक स्थिति निकै कमजोर रहेको अवस्था छ जसले गर्दा महिलाहरु पुरुषप्रति निर्भरता भएर बस्नुपर्ने बाध्यता रहेको देखिन्छ । यस कुरालाई वेखमाया श्रष्ठे तथ्यबाट पुष्टि गर्न सकिन्छ ।

> बिहान ४ बजेदेखि बेलुका १० बजेसम्म घरको काम जत्तिसुकै गर्दा पनि कहिले नसकिने, काम गरेको जस नपाउने, आफूलाई आपतविपत पर्दा, आफू बिरामी हुँदा समेत उपचार खर्चको वेवास्ता गर्दछन् । त्यस्तै गरी हामी महिलालाई बाहिरी कामकाजमा संलग्न नगराउने, घरभित्रका घरायसी काममा मात्र सिमित राख्ने, घरायसी काम गर्दा आर्थिक पक्षमा सबल नहुने, आफूलाई चाहिने कुराहरु खरीद गर्न तिनीहरु सँग हात फैलाउनुपर्ने र बाहिरी कामकाज गर्छु भन्दा पनि म पैसा कमाउने मान्छे छदैछु तँ घरको काम र बच्चाबच्ची मात्र सम्हाल भनी आफू महिला भएकै कारण दबाइएको पाइन्छ । घरभित्रको कामकाजमा समेत आफ्नो इच्छा र चाहनाअनुसार गर्न नपाइने, घरको काम गर्दा केही गल्ती भई श्रीमानलाई चित्त बुझाउन नसकेको खण्डमा हातपात गरी त अहिल्यै माइती जा, तँ जस्ताको यो घरमा खाँचो छैन । खुट्टा भए जुत्ता कति आउँछन् कति भनी अनेक बहानामा निहुँ खोज्छन् यसरी जतिसुकै अपहेलित भएर पनि आफ्नो छोराछोरीको लागि संघर्ष गरिरहेकी छु ।

माथिको भनाईअनुसार हाम्रो समाजमा महिलाहरु घरेलु हिंसा पिडित बनेर बस्न बाध्य हुनुको कारणहरुमध्ये महिलाहरुको सम्पत्तिमाथि स्वमित्व रहन नसक्नु पनि एक हो । घरपरिवारमा महिला आफूले जतिसुकै दु:ख, मिहेनत, परिश्रम गरी आयआर्जन गर्दा पनि आफ्नो हक तथा अधिकार नहुँदा पुरुषहरुको अधिनमा महिलाहरु दु:ख, पिडा सहेर बस्नुपर्ने बाध्यता रहेको पाइन्छ ।

### ६.२.५ परम्परागत कुसंस्कार र अशिक्षा

नेपाली समाजमा महिलाहरु घरेलु हिंसामा पर्नुका विभिन्न कारणहरुमध्ये अर्को मुख्य कारण परम्परागत रुपमा चल्दै आएको कुसंस्कार रहेको देखिन्छ । केही महिलाहरु आफू पढेलेखेका र आफूलाई अन्याय भएको थाहा हुँदाहुँदै पनि चुप लागेर बस्नुपर्ने बाध्यता रहेको पाईन्छ । परम्परादेखि चल्दै आएको र चलाउँदै ल्याइएका विभिन्न प्रकारका प्रतिबन्धित संस्कारहरु जस्तै पतिव्रना नारी असल हुन्छ, जे जस्ता दु:ख परे पनि मुख मुखै लाग्नु हुदैंन, नारीले जुनसुकै पिडा पनि सहनुपर्दछ, सहेपनि एक दिन आफ्नो पनि दिन आउँदछ भन्ने जस्ता अभिव्यक्तिहरु हजुर आमाहरुका समयदेखि नै समाजमा जरा गाँडिएर रहेको पाइन्छ । यसमा दानमाया महर्जनको भनाईबाट पुष्टि गर्न सकिन्छ ।

> बाबु बराजुको पालादेखि चलेको चलन नमान्ने हो भने परिवारमा एक्लो गराइन्छ, घरबाट निकाला गरिन्छ, हाम्रो मन भित्रभित्रै तड्पाउने खालका वा मन जलाउने खालका व्यवहारहरु गरिन्छ । यस्तो गर्नु हुदैन भनेर हाम्रो लागि घरघरमा आएर हेरी दिने कोही छैन । हाम्रो देशमा कानुन भएर वा बनेर के भयो ? ती कानुनले हामीलाई सहयोग गर्दैन, कानुन त लड्न सक्ने, धेरै पैसा हुने मान्छेका लागि मात्र छ । हामी जस्ता अनपढ, असहाय मान्छेका लागि कानुन केही काम लाग्दैन । अझै घरपरिवारका सदस्यहरुको इच्छा अनुरुप आफूले कार्यान्वयन गर्नु पर्दछ नभए गाली बेइज्जति सहनु पर्दछ । परम्परागत कुसंस्कार र अशिक्षाले गर्दा महिलाहरु जे जे समस्या आई परे पनि सहेरै बस्नुपर्ने हाम्रो कर्म रहेछ । आफु माथि भएको हिंसा चुपचाप लागेर सहनु विकल्प अरु छैन ।

यी अभिव्यक्तिले के कुराको संकेत गर्दछ भने हाम्रो समाजमा प्रचलित संस्कार, परम्पराहरुलाई जानी, नजानी, मन लागी नलागी अगाल्न पुग्दा बाध्य भएर हिंसा पिडित बन्नु परेको अवस्था अहिले पनि विद्यमान छ भने अर्कोतिर महिलामाथि हुने हिंसाको रोकथामको लागि

जे जस्ता कानूनहरु बनेता पनि तिनीहरु व्यवहारमा लागू हुन नसकेको, समाजमा धेरै महिला दिदी बहिनीहरु शिक्षाबाट पनि वञ्चित बन्न पुग्दा आफुमाथि आई परेका समस्याहरुको कारण के हो, कुन निर्णय सही हो र कुन निर्णय गलत हो भनेर पत्ता लगाउन नसकी जीवन व्यर्थै खेर फालि रहन विवश छन् । २१ औं शताब्दी बितिसक्दा पनि परम्परादेखि चल्दै आएका कतिपय कुसंस्कारहरुले गर्दा महिलाहरुलाई घुमाई फिराई हिंसा पिडित बन्न बाध्य तुल्याईएको यस अध्ययनका क्रममा देखिन्छ ।

## ६.३ महिलाहरुले हिंसा सहनुका कारणहरु

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुसँग हिंसा सहनुका कारणहरुको बारेमा प्रश्न सोधिएको थियो । महिलाले हिंसा सहनुमा विविध कारणहरू जिम्मेवार रहेको कुरा बताएका छन् । एकातिर आफ्नै श्रीमान तथा परिवारकै सदस्यबाट भएको हिंसा कानुन वा संस्थामा जानकारी दिंदा भोली सोही परिवारमै जीवन गुजार्न पर्छ भन्ने डरले भन्न चाहँदैनन अर्थात् हिंसाको अध्ययन गर्दा कानुनले केही सहयोग त गर्छ फेरि त्यही परिवारमा जीवन गुजार्नु वा बिताउनु पर्छ जसले गर्दा पनि महिला आफु माथि भएको हिंसा प्रस्फुटन भई बाहिर उजागर हुन सकेको छैन । यसैले अध्ययन क्षेत्रअन्तर्गत अधिकांश महिलाले श्रीमान तथा परिवारका अन्य सदस्यबाट भएका कुटपिट तथा गालिगलौजका घटनामा उजुरीका लागि सम्बन्धित निकायमा जानुपर्ने आवश्यकता ठान्दैनन् ।

हाम्रो समाजमा हिंसा पिडित हुने महिलाहरुमध्ये कतिपयले हिंसा सहेर घरमा नै बस्दछन् भने कतिपय महिलाहरु सहयोगका लागि विभिन्न कानुनी क्षेत्र तथा संस्थाहरुमा पुग्ने गर्दछन् । त्यस्तै गरी उजुरी गर्न सम्बन्धित निकायमा आएका महिलाहरुले पनि आफूमाथि भएको हिंसा सहेर नै बस्दै आएको पाईयो तर कतिपय महिलाहरुले आफुमाथि भएको हिंसा सहेर बस्दै आएकोमा सहनै नसक्ने परिस्थिति उत्पन्न हुने गरी हिंसा हुन थाले पछि कानुनी उपचारका लागि सम्बन्धित ठाउँमा गएको कुरा अध्ययनका क्रममा जानकारी दिएका छन् । हिंसा सहेर बस्ने महिलामा श्रीमान र घरपरिवारको डर, समाजबाट अपहेलित हुनेको डर, आफ्नो आय आर्जनका बाटो नभएका कारण, बच्चाहरुको भविष्यको लागि, अशिक्षा आदि कारणले गर्दा हिंसा सहदै आएको पाइयो । यसरी महिलाहरुले आफुमाथि भएका हिंसाहरुलाई सहेर बस्नुपरेका कारणहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९**

**उत्तरदाता महिलाहरुले हिंसा सहनुका कारणहरु**

| क.सं. | महिलाहरुले हिंसा सहनुका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | श्रीमान र घरपरिवारको डरले | १२ | ३० |
| २. | समाजबाट अपहेलित हुनेको डरले | ४ | १० |
| ३. | आफ्नो आयआर्जनका बाटो नभएका कारण | ९ | २२.५ |
| ४. | बच्चाहरुको भविष्यको लागि | ६ | १५ |
| ५. | अशिक्षा | ६ | १५ |
| ६. | हिंसा नभोगेका | ३ | ७.५ |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. ९, का अनुसार कुल उत्तरदाता महिलाहरुको संख्या ४० मध्ये १२ जना अर्थात् ३० प्रतिशत महिलाहरुले श्रीमान तथा घरपरिवारको डरले आफुमाथि भएको हिंसा सहेर बसेको बताए भने ४ जना अर्थात् १० प्रतिशत माहिलाहरुले आफुमाथि भएको हिंसाको विरोध गर्दा समाजले के भन्ला र फेरी उल्टै झन् नराम्रो पो हुने हो कि भन्ने डरमा जस्तोसुकै हिंसा पनि सहेरै बस्नु परेको कुरा बताउँछन् । ९ जना अर्थात् २२.५ प्रतिशत महिलाहरुले घरायसी काममा मात्र सिमित रहनु पर्दा आर्थिक अवस्था कमजोर भएको र महिलाहरुको आफ्नो आयआर्जनको बाटो नभएका कारण श्रीमान तथा परिवारका सदस्यबाट भएको हिंसा आफू चुप लागी सहेर बसेको बताए । ६ जना अर्थात् १५ प्रतिशत महिलाहरुले बच्चाहरुको भविष्यको लागि चुपचाप लाग्नु परेका बताउँदछन् । त्यस्तै ६ जना अर्थात् १५ प्रतिशत महिलाहरुले आफू अशिक्षित रहेका कारणले केही कुरा जान्न बुझ्न नसक्दा हिंसा सहनु बाहेक अर्को बिकल्प नभएको बताए भने ३ जना अर्थात् ७.५ प्रतिशत महिलाहरुमा हिंसा नभएको पाइयो ।

# अध्याय सात

# महिलाहरु माथि हिंसाबाट पर्न गएको असरहरु

## ७.१ परिचय

यस अध्ययनका क्रममा हिंसाबाट उत्तरदाता महिलाहरुलाई शारीरिक तथा मानसिक असर पर्न गएको देखिन्छ ।हिंसा विरुद्ध आवाज उठाउने कार्य हिंसा सहनु भन्दा पनि कठिन हुने उनीहरुको अभिव्यक्ति पाइयो । यसले उनीहरुलाई झन् सामाजिक बहिष्कार तथा लाञ्छनाको सामना गर्नुपर्ने अवस्थाको सृजना भएको पाईन्छ । हिंसा विरुद आवाज उठाउँदा घरबाट नै निकालिएको अवस्था छ जसले गर्दा उनीहरु घरपरिवार त्यागी छुट्टै बसेको अवस्था छ । यस्ता विभिन्न प्रकारका हिंसाजन्य व्यवहार सहनाले उनीहरुले मानसिक कष्ट एंव निराशताका कारण आफ्नो क्षमता, मानसिकता र गतिशीलतासम्म गुमाउनु पर्ने स्थिति उत्पन्न हुन पुगेको पाइन्छ । तसर्थ महिलाहरु माथि हिंसाबाट पर्न गएको असरहरु यस अध्यायमा विस्तृत रुपमा समावेश गरिएको छ ।

## ७.२ महिलाहरु माथि हिंसाबाट पर्न गएको असरहरु

यस अध्ययनका क्रममा देखिएका हिंसाजन्य दुर्व्यवहारबाट उत्तरदाता महिलाहरु माथि हिंसाबाट पर्न गएको असरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १०

## हिंसाबाट पर्न गएको असरहरु

| क.सं. | हिंसाको प्रकार | हिंसाबाट पर्न गएको असर | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | कुटपिट गर्ने | शारीरिक, मानसिक | ६ | १५ |
| २. | गालीगलौज गर्ने | मानसिक | २० | ५० |
| ३. | बलत्कार | शारीरिक, मानसिक | २ | ५ |
| ४. | धम्की दिने | मानसिक | ८ | २० |
| ५. | हिंसा नभोगेका | - | ४ | १० |
| | जम्मा | | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १०, का अनुसार उत्तरदाता महिलाहरुमाथि कुटपिटका कारण शारीरिक तथा मानसिक असर सहेर बसेका उत्तरदाता महिलाहरु ६ जना अर्थात् १५ प्रतिशत रहेका छन् भने गालीगलौजका कारण मानसिक असर भोगेका उत्तरदाता महिलाहरु २० जना अर्थात् ५० प्रतिशत रहेका छन् । बलत्कारका कारण शारीरिक तथा मानसिक असर भोगेका २ जना अर्थात् ५ प्रतिशत रहेका छन् । त्यस्तै घरबाट निकाला गर्ने, ज्यान मार्ने आदि जस्ता विभिन्न धम्कीका कारण मानसिक असर परेका महिलाहरु ८ जना अर्थात् २० प्रतिशत, हिंसा नभोगेका महिलाहरु ४ जना अर्थात् १० प्रतिशत रहेका छन् भने बोक्सीको आरोप र गर्भपतनको कारणबाट शारीरिक तथा मानसिक असर नभएको पाइयो ।यसलाई ज्ञानी महर्जनको भनाईबाट पुष्टि गर्न सकिन्छ ।

मेरो श्रीमान, दुई छोरी र एक छोरा छ । छोराछोरीहरु ३ वटाको नै बिहे भईसक्यो । मैले आफ्नो छोरा-छोरीहरुलाई कुनैपनि किसिमको भेदभाव नगरीकन समान शिक्षा दिएको थिए । छोराको बिहे गरेर एक जना छोरी भइसकेपछि मेरो श्रीमान् प्रेसर र सुगर हाईको कारणले गर्दा बित्नुभयो । यसको केही समयपछि मेरो दुःखका दिनहरु सुरु हुन थाल्यो । त्यसभन्दा अगाडी घरमा सबै राम्रो थियो । मैले आफूले नराम्रो केही गरे जस्तो लाग्दैन । श्रीमानको मृत्युपछि आफ्नो छोराले पनि आफुलाई साथ नदिदो रहेछ । छोरा-बुहारीले परिवार बाहिर व्यक्तिहरुको लहलहैमा लागेर घर छोडी बाहिर बस्न थाल्यो मैले आफ्नो छोरा-बुहारीलाई कत्ति धेरै रोई, कराई, मलाई छोडेर नजाँऊ भनेर सम्झाए तर केही सीप लागेन । आमाबुबाको मन छोराछोरी माथि, छोराछोरीको मन ढुङ्गामाथि भनेझैं यो विधवाको कुरा आफ्नो छोराबुहारीले त बुझ्दैन भने त्यो समाजका व्यक्तिहरुले कँहा बुझ्छन् र ! आफू बिरामी हुँदा अथवा केही काम पर्दा आफ्नो छोरी, ज्वाइँलाई फोन गरी बोलाउँछु, उनीहरु आउँछन्, हेरविचार गर्दछन् तर छोरालाई बोलाउँदा मेरो काम छ म आउँन भ्याउदिन, केहि काम परे दिदी बहिनीलाई बोलाउनू, म नै किन चाहियो र उनीहरु छदैंछ नि भनेर भन्छ । त्यस्तै गरी समाजमा बस्ने व्यक्तिहरुले पनि आफू घरमा एक्लै बसी मोज गर्नको लागि श्रीमानलाई पनि खाईदि हाल्यो, एक्लो छोराबुहारीलाई घरबाट निकाला गरियो भनेर नाना थरीका कुराहरु काट्ने गर्दछन् । मेरो जीवन त खतम नै भयो । आफ्नो श्रीमानलाई पनि मैले कहाँ मार्न सक्छु र ! आफूले नौ महिला कोखमा राखेर जन्माएको छोरालाई कसरी घरबाट निकाल्न सक्छु र ! कहिलेकाँही आफू घरमा एक्लै हुँदा डर लागेर आउँछ । श्रीमानसँगै आफू पनि मर्न पाए हुन्थ्यो जस्तो लाग्छ । यहाँ नबसेर कहाँ जाऊ । माइतीमा पनि आमाबुबा हुनुहुन्न । दाई भाउज्यू मात्र हुनु हुन्छ । त्यहाँ पनि त कुरा काट्ने छन् । श्रीमानलाई सिध्याएर छोराबुहारीलाई घरबाट निकाला गरेर आएकी भन्ने होलान् । अब त मर्न परे यही नै मर्छु कही पनि नजाने भनेर यही नै बसेकी छु ।

यी भनाईले के कुराको पुष्टि गर्दछ भने आफ्नो कालगति वा अकालले श्रीमानको मृत्यु हुँदा पनि त्यसको दोष श्रीमतीलाई लगाई उल्टै घाउमा झन नुन छर्कने गरेको देखिन्छ भने घरपरिवार बाहिर अन्य व्यक्तिहरुको नराम्रो संगतले गर्दा बुहारीले छोरा र आमा बीच

लामो दूरी बनाएको पाईन्छ । यसरी नेपाली महिलाहरु हिंसाबाट पिडित भएर मानसिक रुपमा ग्रसित बनेर रहेको कुरा माथिको भोगाईबाट पनि प्रष्ट हुन्छ । यस्ता हिंसात्मक व्यवहारले गर्दा उनीहरुमा टोलाएर बस्ने, काम गर्न मन नलाग्ने, सोचिरहने, रातमा निन्द्रा नआउने जस्ता मानसिक असरहरु परेको पाइयो र आफूमाथि यस्ता हिंसात्मक घटना भएको बेला रोएर बस्ने र कतिपयले त मर्ने प्रयत्न समेत गरेको पाइयो ।

## ७.३ हिंसा अरुसँग छलफल गरेको वा नगरेको सम्बन्धि विवरण

अध्ययनका क्रममा उत्तरदाता महिलाहरुसँग तपाईमाथि भएको हिंसा विरुद्ध अरु कसैसँग भन्नु भयो कि भएन यदि भन्नु भयो भने कस-कससँग भन्नुभयो ? भनेर प्रश्न सोधिएको थियो । उक्त प्रश्नको उत्तरमा उत्तरदाता महिलाहरुले विभिन्न उत्तरहरु दिएका थिए जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ११**

**हिंसा अरुसँग भनेको वा नभनेको सम्बन्धी विवरण**

| क्र.सं. | हिंसा अरुसँग भनेको वा नभनेको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | माइतीसँग भनेको | १४ | ३५ |
| २. | साथीसँग भनेको | ३ | ७.५ |
| ३. | छरछिमेकीसँग भनेको | १ | २.५ |
| ४. | संघसंस्थामा भनेको | ९ | २२.५ |
| ५. | छोरीहरुसँग भनेको | ३ | ७.५ |
| ६. | कसैसँग पनि नभनेको | ७ | १७.५ |
| ७. | हिंसा नभोगका | ३ | ७.५ |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. ११ का अनुसार उत्तरदाता महिलाहरुमध्ये १४ जना अर्थात् ३५ प्रतिशत महिलाहरुले आफुमाथि भएको हिंसाका बारेमा माइतीसँग भनेको पाइयो, त्यस्तै ३ जना अर्थात् ७.५ प्रतिशत महिलाहरुले साथीसँग, १ जना अर्थात् २.५ प्रतिशत महिलाहरुले छरछिमेकीसँग, ९ जना अर्थात् २२.५ प्रतिशत महिलाहरुले संघसंस्थाहरुमा र ३ जना अर्थात् ७.५ प्रतिशत महिलाहरुले छोरीहरुसँग भनेको पाइयो भने ७ जना अर्थात् १७.५ प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा कसैसँग पनि नभनेको पाइयो । आफूमाथि भएको हिंसा अरुलाई भन्दा आफूमाथि झन् हिंसा बढाई दिने हो की भन्ने डरले पिडाहरु दबाएर बसेको

उनीहरु बताउँदछन् भने बाँकी ३ जना अर्थात् ७.५ प्रतिशत महिलाहरुमा हिंसा नभएको पाइएको छ ।

## ७.४ हिंसा सम्बन्धी उजुरीको विवरण

अध्ययनका क्रममा उत्तरदाता महिलाहरुसँग तपाई माथि भएको हिंसा विरुद्ध कतै उजुरी गर्नु भयो कि भएन भनी प्रश्न सोधिएको थियो उक्त प्रश्नको उत्तरमा उत्तरदाता महिलाहरुबाट के थाहा पाइयो भने हिंसा पिडित महिलाहरु मध्ये थोरै महिलाहरुले मात्र सम्बन्धित ठाउँमा उजुरी गरेको पाइयो भने धेरै महिलाहरुले आफूमाथि भएको हिंसा विरुद्ध उजुरी नगरेको पाइयो । घरपरिवारको डर समाजको लाञ्छनाको डर र आफ्नो आयआर्जनको बाटो नभएका कारण उक्त महिलाहरुले आफूमाथि हिंसा कहि कतै नभनेको पाइयो । अध्ययनका क्रममा महिलाहरुले हिंसा सम्बन्धी उजुरी गरेको वा नगरेको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १२**

**हिंसाको उजुरी गरेको वा नगरेको सम्बन्धी विवरण**

| क्र.सं. | उजुरीको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गरेको | ९ | २२.५ |
| २. | नगरेको | २८ | ७० |
| ३. | हिंसामा नपरेको | ३ | ७.५ |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

माथिको तालिका नं. १२, का अनुसार उत्तरदाता महिलाहरुमध्ये २८ जना अर्थात् ७० प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा माथि उजुरी नगरेको पाइयो । उत्तरदाता महिलाहरुमध्ये कतिपयले श्रीमान सासु ससुराको डरले आफूमाथि भएको हिंसा कतै उजुरी नगरेको बताएका थिए भने कतिपयले त्यस्तो ठाउँको बारेमा आफूलाई थाहा नभएको बताएका थिए त्यस्तै गरी कतिले झन् बढी हिंसा बढ्ने डरले आफूमाथि भएको हिंसा कतै उजुरी नगरेको बताएका थिए । भने ९ जना अर्थात् २२.५ प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा माथि उजुरी गरेको पाइयो । उजुरी गर्ने महिलाहरुमध्ये कतिले कीर्तिपुर

नगरपालिका कार्यालयमा र कतिले कीर्तिपुरको प्रहरी चौकीमा उजुरी गरेका थिए भने बाँकी ३ जना अर्थात् ७.५ प्रतिशत महिलाहरु हिंसाहरुमा नपरेको पाइयो ।

## ७.५ हिंसाप्रति न्यायको विवरण

यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरुले आफूमाथि भएको हिंसाप्रति उजुरी गरेकोमा कतिपय महिलाले न्याय पाएका थिए भने कतिपयको छानबिन हुदै गरेको पाईयो । उत्तरदाताले न्याय पाएको वा नपाएको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३**
**हिंसा प्रति न्यायको विवरण**

| क्र.सं. | उजुरीमा न्याय पाएको वा नपाएको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | न्याय पाएका | ५ | ५५.५५ |
| २. | न्याय नपाएका | १ | ११.११ |
| ३. | प्रक्रियामा रहेको | ३ | ३३.३३ |
| | जम्मा | ९ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका नं. १३ का अनुसार उत्तरदाता महिलाहरुमध्ये ५ जना अर्थात् ५५.५५ प्रतिशत महिलाहरुले आफूले दिएको उजुरी माथि न्याय पाएको देखियो । न्याय पाएका महिलाहरु मध्ये कतिले हिंसकलाई सँगै राखेर छलफल गरी सहमती भएको जानकारी पाइयो त्यस्तै बलात्कार गरेर फरार हुने हिंसकलाई खोजी दुवैको सम्बन्धलाई पुन मिलन गराएको पनि पाइयो । कुटपिट तथा गालीगलौज गर्ने हिंसकले पिडित पक्षलाई क्षतिपूर्ति दिई आइन्दा कहिल्यै त्यस्तो आरोप लगाउने सहमति गराइयो भने १ जना अर्थात् ११.११ प्रतिशत महिलाले आफूले दिएको उजुरी माथि न्याय नपाएको पाइयो । आफूलाई कमजोर ठानेर र आफू गरीब भएको कारण न्याय पाउन नसकेको उनीहरुले बताएका थिए । त्यस्तै ३ जना अर्थात् ३३.३३ प्रतिशत महिलाहरुले आफुले दिएको उजुरीमाथि छानबिन हुँदै गरेको बताएका थिए ।

## ७.६ महिला हिंसासम्बन्धी उत्तरदाता महिलाहरुको धारणा

महिला माथिको हिंसालाई कम गर्न वा रोक्नका लागि सर्वप्रथम त महिला शिक्षामा जोड दिनुपर्ने, हिंसाबाट पीडित महिलालाई आवश्यक उद्धार तथा सेवा प्रदान गर्ने, महिलालाई आर्थिक रुपमा सबल र सक्षम बनाइ आफ्ना अधिकारप्रति सचेत बनाउने धारणा उत्तरदाता महिलाहरुको रहेको पाईन्छ । समाजमा महिलालाई हेर्ने परम्परागत सोच, मूल्य मान्यतामा परिवर्तन ल्याउने खालका कार्यक्रम संचालन गर्नु पर्ने, महिला हिंसा अन्त्यका लागि महिला पुरुष ऐक्यबद्ध भई अघि बढ्नु, महिलालाई सीपमुलक तालिमहरु प्रदान गरेर आत्मनिर्भर बनाउन जरुरी देखिन्छ जसले गर्दा पुरुषमाथिको आत्मनिर्भरतामा कमी आउँछ । सीपमूलक तालिमले आय आर्जनको बाटो खोलिदिने हुँदा महिलाले आफूमा आत्मविश्वास जगाउन सक्ने हुन्छ सोही कारणले हिंसा सहेर बस्ने बाध्यता नरहने धारणा उत्तरदाता महिलाको रहेको छ ।

महिलामाथि हुने हिंसाले महिलालाई मात्रै असर गर्दैन यसले त सिङ्गो समाजलाई नै असर गर्दछ भन्ने कुराको चेतना सम्पूर्ण जनमानसमा पुऱ्याउन जरुरी छ । घरेलु हिंसाका दोषीलाई कानुनी दायराभित्र ल्याउनका लागि घरेलु हिंसा नियन्त्रण सम्बन्धी, विधेयक यथाशिघ्र पारित गर्न आवश्यक छ । महिलालाई हेर्ने रुढिवादी मूल्य मान्यतामा परिवर्तन गर्दै महिलालाई आर्थिक रुपमा सुढृढ, शिक्षित तथा आत्मनिर्भर गराउने तर्फ सबैको ध्यान केन्द्रित हुन आवश्यक छ । हाम्रो समाजमा विद्यमान अन्धविश्वास धारणाहरु हटाउने र लैङ्गिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रम ल्याउन जरुरी छ तब मात्र हिंसा कम गर्न सकिन्छ भन्ने धारणा उत्तरदाता महिलाहरुको रहेको छ ।

हाम्रो नेपालमा महिला दिवस मनाइ रहेको आज सयौं वर्ष बितिसक्दा पनि हिंसाका नयाँ-नयाँ रुपहरुको आगमनले गर्दा महिलाको अवस्था झनझन बिग्रदैं गइरहेको छ । उत्तरदाता महिलाहरुको भनाईअनुसार हिंसाको जानकारी कुनै संघसंस्थामा दिँदा कानुनले केही सहयोग त गर्छ तर फेरि त्यही परिवारमा जीवन गुजार्नु पर्छ जसले गर्दा पनि महिलामाथि भएको हिंसा प्रस्फुटन भई बाहिर उजागर हुन सकेको छैन । यसैले महिलामाथि भएको हिंसा खुलेआम भन्न सक्ने वातावरण मिलाउन अर्थात् सोही परिवारमा बसे पनि त्यस्तो हिंसा नदोरिओस् भनेर यसको लागि उचित कानुन निर्माण हुनु जरुरी देखिन्छ जुन विभिन्न व्यक्तिहरुको धारणा रहेको पाइन्छ ।

## ७.७ वैयक्तिक अध्ययनहरु

### वैयक्तिक अध्ययन - १

वर्ष २७ की माया महर्जन कीर्तिपुर नगरपालिका वडा नं. ९ ढोकासी टोलमा बस्नुहुन्छ । आफू सानै हुँदा बिरामीका कारण बुबाको मृत्यु भएकोले माया महर्जन र आफ्नो आमा दुवै जना मामाघरमा बस्दै आउनु भएको थियो । मामाघरको पनि आर्थिक स्थिति कमजोर भएका कारण पढ्न नपाएको गुनासो गर्नुहुन्छ । उहाँका अनुसार बिहानदेखि बेलुकासम्म घरधन्दा र खेतबारीको कामले फुर्सद हुँदैन थियो । समय बित्दै जाँदा १६ वर्षको उमेर पुग्दा घरबाट कीर्तिपुरमा बस्ने श्रीराम महर्जनसँग विवाह गरिदिए । यसपछि मेरो दुःखका दिनहरु शुरु भयो । श्रीमान र सासुले त शुरुमा राम्रो व्यवहार गर्नुभयो तर ससुराले जाडँरक्सी नखाएको दिनै हुदैंन थियो । जाडँरक्सी खाए पछि उल्टै मसँग निँहु खोजी स-सानो कुरालाई ठूलो बनाई झगडा गर्नुहुन्छ । त यस्ता की छोरी, हाम्रो घरमा सुहाउँदिनस्, घरबाट निस्कि गईहाल, मेरो छोरालाई त भन्दा राम्री अर्की केटी बिहे गरिदिन्छु भन्दै नानाथरीले गाली गर्नुहुन्छ । अहिले मेरो २ वटा छोरी छ । कान्छी छोरी जन्मेदेखि श्रीमानले मलाई यसपालि पनि छोरी नै जन्माइस् है भनेर शारीरिक तथा मानसिक यातना दिने कुरा उनी बताउँछिन् । अशिक्षा तथा परम्परागत कुसंस्कारको कारणले गर्दा कति जना छोरी मात्र पाउछेस् छोरा पाउन सक्दिनस् अब अर्को बिहे गर्छु अनि छोरा पाउँछु भनेर धम्की दिनुहुन्छ । आजभोली मसँग खासै राम्रोसँग बोल्नु पनि हुन्न। श्रीमान्को कुरा सहेर बस्यो भने गाली गरी कराइ रहनु हुन्छ । जहिले गालीगलौज र अपमानजनक शब्दहरु आफूलाई भन्दा मलाई पनि रिस उठ्छ । कहिलेकाहीँ मैले केही कुरा भन्दा मुखमुखै लाग्छस् भनेर कुटपिट समेत गर्नुहुन्छ । बुबा पनि हुनुहुन्न । आमा बुढेसकालले छोई सक्यो । मामाघर पनि यस्तै हो सधैं कहाँ राम्रो हुन्छ र । अरु जाने ठाउँ पनि कही छैन । बिहे भएपछि सुख, दुःख जे भए पनि सहेर आफ्नै घरमा बस्नुपर्छ भनेर आमाले भन्नुहुन्छ । श्रीमान् तथा घरपरिवारको डरत्रासले आफ्नो पिडालाई अरुसामू नभनेको तर छोरीहरु समक्ष भनेको कुरा बताउनुहुन्छ । भाग्यको कुरा मेट्न सक्दैन मेरो भाग्य यस्तै रहेछ भनेर आफ्नो भाग्यलाई धिकार्दै छोरीहरुको भविष्यको लागि आफू बाँचिरहेको उहाँ बताउनुहुन्छ ।

## वैयक्तिक अध्ययन - २

अणु महर्जन ३३ वर्षकी एक महिला हुन् । उनी काठमाडौं जिल्ला अवस्थित कीर्तिपुर नगरपालिका वडा नं. ३ मा आमा मनमाया महर्जन र बुबा हरी महर्जनका कोखबाट चौथौं छोरीका रुपमा जन्मिएकी थिइन् । घरमा ३ वटा छोरी जन्मिसकेकोले गर्दा अणुका बुबा तथा परिवारका अन्य सदस्यहरुले छोराको चाहना राखेका थिए तर दुर्भाग्यवंश यसपालि पनि छोरी नै जन्मेको थियो । यसकारणले गर्दा अणुका बुबा तथा घरपरिवारका अन्य सदस्यहरुले अणुका आमालाई एउटा छोरा पनि जन्माउन नसकेको, असुभ, अलछिना, यस्ताको पनि के मुख हेर्नु जस्ता तिरस्कृत तथा अपहेलित गर्ने वचनहरु सुनाउने गर्दथ्यो भने सुत्केरी अवस्थामा गर्नुपर्ने स्याहार-सुसारको कमी, पोषिलो खानेकुराहरु नखुवाउने गर्दथ्यो । घरमा बुबा ज्याला मजदुरीको काम गर्ने भएकोले एकतिर आर्थिक स्थिति पनि कमजोर थियो भने अर्कोतिर छोरीहरुको जात अर्काको घरमा जाने जात हो, भोलीपर्सी बिहे गरेर पनि घरधन्दा सम्हाल्ने नै हो, किन पढ्न पर्‍यो भन्ने सोचले गर्दा बाल्यअवस्थामा पढ्न पठाइएन । आफूलाई पढ्नुपर्दछ भन्ने थाहा पनि नभएको उनी बताउँछिन् । बिहानदेखि बेलुकासम्म घरधन्दा गर्ने र खाना पकाउनको लागि जङ्गलमा गएर काठ-दाउराहरु बटुल्न जादैंमा फुर्सद हुदैनथ्यो । बाल्य अवस्थामा आमाबुबाले घरका कामहरु भनेको समयमा गरिएन भने गाली तथा कुटाई समेत खानु परेको उनी बताउँछिन् । काम गर्दै जाने क्रममा किशोर अवस्थामा उनको बिहे कीर्तिपुर नगरपालिका वडा नं. ९ मा बस्ने श्यामप्रसाद महर्जनसँग भयो । विवाहपश्चात अलि सुख हुने आश राखेकी अणु झन् हिंसाजन्य दुर्व्यवहारमा फस्न पुगेको कुरा यस अध्ययनका क्रममा बताउँछिन् । बिहेपछि कसरी हिंसामा पर्नुभयो भन्ने प्रश्न सोध्दा उनी भन्दछिन् - मेरो बिहे गर्दा माइतीघरबाट मेरो श्रीमान् तथा घरपरिवारका सदस्यहरुले सोचेजस्तो दाइजो नदिएको कारणले गर्दा स-सानो कुरालाई ठूलो निँहु बनाई मलाई हेला गर्न थालिएको हो । घरमा काम गर्दागर्दै केही सामानहरु बिग्रदा पनि सासु, सुसुराहरुले तेरो माइतीबाट दाइजो ल्याएको भएर सामान बिगारेको हो, अलच्छिन केटी, यसको काम गर्ने ढङ्ग छैन भनेर गालीगलौज गरेको पाइन्छ भने सासु, ससुराको कुरा सुनेर श्रीमान्ले आफूलाई कुटपिट गर्ने गरेको र तैले केहीकाम राम्ररी गदैन, बुबाआमालाई हेरविचार गर्दैनस्, अर्को बिहे गर्छु अनि तलाई ठिक पार्छु भन्ने जस्ता धम्कीहरु दिएको उनी बताउँछिन् । पहिलो सन्तानको रुपमा छोरा जन्मिए पछि घरपरिवारबाट हुने हिंसाजन्य व्यवहारमा केही कमी आएको बताउँछिन् भने ३ छोराछोरीको आमा हुँदासम्म पनि

घरपरिवारका श्रीमान्, सासु, ससुरा, आमाजुबाट बेला बेलामा हिंसा पिडित बन्न पुगेको र आफ्ना इच्छाअनुसार केही काम गर्न नपाएको उनी बताउँछिन् । घरमा काम गर्ने बाहेकका अरु कार्यहरु जस्तै :- सम्पत्तिमाथि स्वामित्वको अधिकार, निर्णय गर्ने आदि कुनै पनि व्यवहारमा आफ्नो हात नभएको उनी बताउँछिन् । यसरी विभिन्न प्रकारका हिंसाजन्य दुर्व्यवहारहरु भोग्दै वर्तमान अवस्थासम्म आएको र श्रीमान् तथा घरपरिवारको डरले आफ्नो छोराछोरीहरुको भविष्य नबिग्रियोस् भनेर यसको रोकथामका लागि उनले कुनै कानूनी क्षेत्रमा उजुरी नगरेको पाइयो भने भविष्यमा गएर राम्रो तथा सुख हुन्छ भन्ने आशामा जीवन गुजारा गरिरहेको यस अध्ययनका क्रममा बताएकी छिन् ।

# अध्याय - आठ

# सारांश एवं निष्कर्ष

## ८.१ सारांश

प्रस्तुत अध्ययन काठमाडौं जिल्लामा पर्ने कीर्तिपुर नगरपालिकाको वडा नं. ९ ढोकासी टोलमा गरिएको हो । महिलाहरु माथि हुने घरेल हिंसाको अवस्याको ज्ञान, प्रकार, कारण, असर ,समाधान र हिंसाप्रति उनीहरुको धारणा के-के हुन् आदि पत्ता लगाउने यस अध्ययनको उद्देश्य रहेको छ । यस अध्ययनको क्रममा आवश्यक तथ्यहरु संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ । समग्रमा केही महिलाको छनौटका लागि सम्भाव्य नमूना छनौट विधि अन्तर्गतको गोला प्रथाद्वारा छनौट गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा निश्चित स्रोत, साधन, समय तथा अर्थतन्त्रको अभाव आदिको कारणले गर्दा सिमित क्षेत्र भित्रका सबै महिलाहरुलाई समेट्न सकिएको छैन । यस अध्ययनमा उत्तरदाता महिलाहरु माथि हुने घरेलु हिंसाका प्रकारहरु के-के हुन् ? घरेलु हिंसाका कारणहरु के-के हुन् ? घरेलु हिंसा सहनुका कारणहरु के-के हुन् ?, हिंसाबाट महिलाहरुमा पर्ने असर के-के हुन् ? यसप्रति महिलाहरुको धारणा के छ आदि पक्षका बारेका अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममाउत्तरदाता महिलाहरुमाथि भएका हिंसाहरुमा पिडक पक्षका रुपमा श्रीमान, सासु, ससुरा, नन्द, आमाजु, देवर आदि रहेको पाईयो । जसमध्ये श्रीमानबाट गालीगलौज र कुटपिटबाट पिडा भोगेका महिलाहरु २७.५ प्रतिशत रहेछन् भने ससुराबाट गालीगलौज पाएका महिलाहरु १५ प्रतिशत रहेछन्  त्यस्तै सासु, नन्द, आमाजुबाट कुटपिट र गालीगलौज पाएका ३५ प्रतिशत र देवरबाट ज्यान लिने धम्की पाएका महिलाहरु १२.५ प्रतिशत रहेको पाईयो भने बाँकी १० प्रतिशत महिलाहरु हिंसाबाट अलग रहेको पाइयो ।

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुले बाल्य अवस्थामा भोग्न पुगेका हिंसाको प्रकारलाई विश्लेषण गर्दा पढ्न नपाएको उत्तरदाता महिलाहरु ४२.५ प्रतिशत रहेका छन् भने बाल विवाह गर्न बाध्य भएका उत्तरदाता महिलाहरु १७.५ प्रतिशत रहेका छन् त्यस्तै गरी बाल्य अवस्थामा हिंसा नभएको उत्तरदाता महिलाहरु ४० प्रतिशत रहेका छन् । त्यस्तै

गरी किशोरा अवस्थामा उत्तरदाता महिलाहरु ७२.५ प्रतिशत महिलाहरु घरभित्रको काममा विभेदीत अवस्थामा रहेको पाइयो भने २.५ प्रतिशत बलत्कारमा परेका तथा हिंसामा नपरेका महिलाहरु २५ प्रतिशत रहेका छन् ।

यस अध्ययनका क्रममा युवा अवस्थामा उत्तरदाता महिलाहरु मध्ये ३७.५ प्रतिशत महिलाहरु घरेलु हिंसाबाट पिडित भएको देखिन्छ । बुहारी भएकै कारणबाट खानामा विभेद गर्ने, बुहारीलाई हेला गर्ने, घरको काम बुहारीले मात्र गर्नुपर्ने जस्ता विभिन्न किसिमका हिंसाहरु भएको पाइयो । महिला हिंसामा पर्नुमा दाईजो पनि एक कारण बन्न पुगेको देखिन्छ भने ३२.५ प्रतिशत महिलालाई दाइजो कम ल्याएको भनी श्रीमान तथा परिवारका अन्य सदस्यहरु मिलि गालीगलौज गर्ने गरेको, अपमानित सहनु परेको अवस्था देखिन्छ त्यस्तै गरेर कुनै पनि हिंसाको शिकार नभएको महिला ३० प्रतिशत महिलाहरु भेटियो ।

यस अध्ययनका क्रममा गर्भ अवस्थामा पोषिलो खानाको अभाव भएका उत्तरदाता महिलाहरु ३० प्रतिशत रहेका छन् भने घरको काम गर्नु परेका उत्तरदाता महिलाहरु १७.५ प्रतिशत रहेका छन् । त्यस्तै गरी ५२.५ प्रतिशत उत्तरदाता महिलाहरुले गर्भ अवस्थामा परिवारबाट माया, प्रेम सहयोग पाएको कुरादेखिएको छ ।

यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरुमध्ये २० प्रतिशत महिलाहरुले कुटपिट र गालीगलौज जस्ता क्रियाकलापहरुलाई हिंसा भएको मान्दछन् भने शिक्षामा विभेद गर्नु, छोरीलाई पढ्ने अवसर नदिनुलाई हिंसा मान्ने महिलाहरुमा १५ प्रतिशत, खानपानमा विभेद गर्नेलाई हिंसा मान्नेमा १० प्रतिशत, बोक्सीको आरोप लगाउनुलाई हिंसा मान्नेमा १० प्रतिशत, सम्पत्तिको बाडँफाडँमा भेदभाव गर्नुलाई हिंसा मान्नेमा ७.५ प्रतिशत, अपहेलना गर्नुलाई हिंसा भन्नेमा १२.५ प्रतिशत र छोराछोरीमा भेदभाव गर्नुलाई हिंसा मान्नेमा १२.५ प्रतिशत महिलाहरु रहेका छन् भने बाँकी १२.५ प्रतिशत महिलाहरु हिंसा भनेको के हो ? थाहा नै नभएको पाइयो ।

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुमध्ये ३० प्रतिशत महिलाहरु पुरुषहरुले सेवन गर्ने जाडँरक्सीका कारण हिंसामा परेको देखिन्छ, १५ प्रतिशत महिला विवाह हुँदा घरमा दाईजो नल्याएको निहुँमा हिंसामा परेको देखिन्छ भने ७.५ प्रतिशत महिलाहरु बहुविवाहका कारण, १२.५ प्रतिशत महिला परम्परागत रुपमा चल्दै आएको कुसंस्कारका कारण, १७.५

प्रतिशत महिलाहरु अशिक्षाका कारण, ५ प्रतिशत महिलाहरु गरीबी तथा आर्थिक स्थिति कमजोर भएका कारण, ५ प्रतिशत बलात्कारका कारण हिंसामा परेको र बाँकी ७.५ प्रतिशत उत्तरदाता महिलाहरुले हिंसा नभोगेका पाईयो ।

त्यस्तैगरी उत्तरदाता महिलाहरुले हिंसा सहनुका कारणहरुमा ३० प्रतिशत महिलाहरुले श्रीमान तथा घरपरिवारको डरले आफुमाथि भएको हिंसा सहेर बसेको पाइयो भने १० प्रतिशत माहिलाहरुले आफुमाथि भएको हिंसाको विरोध गर्दा समाजले के भन्ला र फेरी उल्टै झन् नराम्रो पो हुने हो कि भन्ने डरमा जस्तोसुकै हिंसा पनि सहेरै बसेको पाइयो, २२.५ प्रतिशत महिलाहरुले घरायसी काममा मात्र सिमित रहनु पर्दा आर्थिक अवस्था कमजोर भएको र महिलाहरुको आफ्नो आयआर्जनको बाटो नभएका कारण श्रीमान तथा परिवारका सदस्यबाट भएको हिंसा आफू चुप लागेर सहेको पाइयो । त्यस्तै १५ प्रतिशत महिलाहरुले बच्चाहरुको भविष्यको लागि चुप लागेको पाइयो । १५ प्रतिशत महिलाहरुले आफू अशिक्षित रहेका कारणले केही कुरा जान्न बुझ्न नसक्दा हिंसा सहेको पाइयो ।

यस अध्ययनका क्रममाउत्तरदाता महिलाहरुमाथि कुटपिटका कारण शारीरिक तथा मानसिक असर सहेर बसेका उत्तरदाता महिलाहरु १५ प्रतिशत रहेका छन् भने गालीगलौजका कारण मानसिक असर भोगेका उत्तरदाता महिलाहरु ५० प्रतिशत रहेका छन् । बलत्कारका कारण शारीरिक तथा मानसिक असर भोगेका ५ प्रतिशत रहेका छन् । त्यस्तै घरबाट निकाला गर्ने, ज्यान मार्ने आदि जस्ता विभिन्न धम्कीका कारण मानसिक असर परेका महिलाहरु २० प्रतिशत, हिंसा नभोगेका महिलाहरु १० प्रतिशत रहेका छन् भने बोक्सीको आरोप र गर्भपतनको कारणबाट शारीरिक तथा मानसिक असर नभएको पाइयो ।

यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरुमध्ये ३५ प्रतिशत महिलाहरुले आफुमाथि भएको हिंसाका बारेमा माइतीसँग भनेको पाइयो, त्यस्तै ७.५ प्रतिशत महिलाहरुले साथीसँग, २.५ प्रतिशत महिलाहरुले छरछिमेकीसँग, २२.५ प्रतिशत महिलाहरुले संघसंस्थाहरुमा र ७.५ प्रतिशत महिलाहरुले छोरीहरुसँग भनेको पाइयो भने १७.५ प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा कसैसँग पनि नभनेको पाइयो । आफूमाथि भएको हिंसा अरुलाई भन्दा आफूमाथि झन् हिंसा बढाई दिने हो की भन्ने डरले पिडाहरु दबाएर बसेको उनीहरु बताउँदछन् भने ७.५ प्रतिशत महिलाहरुमा हिंसा नभएको पाइएको छ ।

यस अध्ययनमा हिंसाको उजुरी गरेको वा नगरेको सम्बन्धी उत्तरदाता महिलाहरुमध्ये ७० प्रतिशत महिलाहरुले श्रीमान, सासु ससुराको डरले आफूमाथि भएको हिंसा कतै उजुरी नगरेको पाइयो भने कतिपयले त्यस्तो ठाउँको बारेमा आफूलाई थाहा नभएको र कतिपय महिलाहरुले झन् बढी हिंसा बढ्ने डरले आफूमाथि भएको हिंसा कतै उजुरी नगरेको पाइयो भने २२.५ प्रतिशत महिलाहरुले आफूमाथि भएको हिंसा उजुरी गरेको पाइयो ।

उत्तरदाता महिलाहरुमध्ये ५५.५५ प्रतिशत महिलाहरुले आफूले दिएको उजुरी माथि न्याय पाएको देखियो । न्याय पाएका महिलाहरु मध्ये कतिले हिंसकलाई सँगै राखेर छलफल गरी सहमती भएको जानकारी पाइयो कुटपिट तथा गालीगलौज गर्ने हिंसकले पिडित पक्षलाई क्षतिपूर्ति दिई आइन्दा कहिल्यै त्यस्तो आरोप लगाउने सहमति गराएको पाइयो भने११.११ प्रतिशत महिलाले आफूले दिएको उजुरी माथि न्याय नपाएको पाइयो ।

महिलाहरु माथि भएको हिंसाका कारण महिलाहरुमा शारीरिक तथा मानसिक दुवै असर पर्न गएको छ । महिला हिंसाले एक महिलालाई मात्र असर नगरीकन पूरा समाजलाई असर गरीरहेको छ भनेर सबैले बुझ्नु पर्दछ । यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरुमाथि हिंसा भएको कारणले गर्दा शारीरिक असर भन्दा बढी मानसिक असर पर्न गएको देखिन्छ । मानसिक असरहरुमा महिलाहरुलाई गालीगलौज गर्ने, आत्मसम्मानमा ठेस पुग्ने गरी अमानवीय व्यवहार गर्ने, अपहेलित गरी होच्याउने आदि हिंसात्मक व्यवहारहरु हुने गरेको पाइयो ।

## ८.२ निष्कर्ष

प्रस्तुत अध्ययनका क्रममा छनौट गरिएका अधिकांश उत्तरदाता महिलाहरु अशिक्षित तथा सामान्य शिक्षित मात्र रहेको पाइयो । ती उत्तरदाता महिलाहरु रुढीवादी सामाजिक संस्कारमा हुर्केका कारण आफ्नो हक तथा अधिकारहरुको बारेमा थाहा नभएको पाइयो । उत्तरदाता महिलाहरु आफू अशिक्षित हुनुको साथै आफ्नो आयआर्जनको बाटो नभएको कारणले गर्दा आर्थिक रुपमा श्रीमान् तथा घरपरिवारप्रति निर्भर रहँदै आएको पाइयो भने धेरैजसो कम महिलाहरुले व्यापार तथा जागिर पेशामा संलग्न रहेको पाइयो ।

त्यसैगरी उत्तरदाता महिला र पुरुषले प्राप्त गरेको शिक्षाको तुलना गर्दा ति परिवारका पुरुष सदस्यहरुले प्राप्त गरेको शिक्षा निकै बढी देखिन्छ तर पनि महिलाहरु माथि हुने हिंसामा वर्तमान समयमा उनीहरुले लिएको शिक्षाले खासै सकरात्मक प्रभाव पार्न सकेको देखिएन । शिक्षा केबल किताबमा मात्र सिमित भएको तर मानवीय व्यवहारका रुपमा देखिन नसकेको यस अध्ययनका क्रममा देख्न सकिन्छ । जुन कुराको पुष्टि घरमा पुरुष शिक्षित भैईकन पनि उसले झन् महिलामाथि विभिन्न बहानाहरु बनाई हिंसाजन्य दुर्व्यवहार गरेको देख्न सकिन्छ ।

अहिलेको वर्तमान समयमा आएर हिंसा सहन नसकि केही महिलाहरु कानुनी उपचार गर्न थालेका देखिन्छन् तर समाजमा विद्यमान परम्परादेखि चल्दै आएको धार्मिक कुसंस्कार, तथा मूल्यमान्यताका कारण हेय, तिरस्कृत र एक्लो महसुस गरी बाँच्न पुगेको भनाई उनीहरु मध्ये केही महिलाहरुको रहेको छ । केही पढेलेखेका उत्तरदाता महिलाहरुले पछिल्लो समयमा आएर घरको कामको साथसाथै बाहिरी आयआर्जनका कार्यहरु जस्तै जागिर, व्यापर तथा सीपमूलक तालिमहरुमा सरिक हुन थालेका छन् । यसैगरी अध्ययनका क्रममा विधवा महिलाहरुलाई पनि उत्तरदाता महिलाहरुको रुपमा छनौट गरिएको थियो तर उनीहरुको हिंसाको प्रकार र कारण अरु महिलाहरुको भन्दा फरक रहेको देखिन्छ भने उनीहरु शारीरिक रुपमा भन्दा बढी मानसिक रुपमा पिडित बनेको कुरा यस अध्ययनका क्रममा देखिएको छ ।

समाजमा महिलामा भएको प्रतिभा, क्षमता, व्यक्तित्व एंव सिर्जनशीलता जस्ता महत्वपूर्ण पक्षहरुलाई वेवास्ता गरेर महिलालाई घरभित्रको काममा मात्र सिमित गरेको पाइन्छ । जब कि पहिलेको समयमा श्रीमानकै कमाइमा निर्भर रहनुपर्ने महिलाहरु हिजोआजको अवस्थासम्म आई पुग्दा काम गर्न थालेका छन् । पहिले उनीहरु आफ्नो आय-आर्जन पनि नभएको र परिवारमा झै-झगडा नहोस्, शान्ति होस् भनेर जस्तोसुकै अपमानित, अवहेलना पनि सहेर बस्थे भने काम गर्न थालेसँगै चेतनामा वृद्धि भएपछि उनीहरु आत्मसम्मान र स्वपहिचानका लागि कुनै सम्झौतागर्न नहुने रहेछ भन्ने निष्कर्षमा पुगेका छन् । तसर्थ समान अधिकारका लागि महिला स्वंयले सामाजिक, आर्थिक, राजनीतिक एंव सांस्कृतिक पक्षहरुमा आत्मनिर्भर बन्नुपर्ने जरुरी देखिन्छ ।

समाजमा रहेको महिला हिंसालाई क मगर्न वा रोक्नका लागि सर्वप्रथम त विद्यमान समाजमा रहेका विभिन्न खालका समस्याहरुको चिरफार गरी ति समस्याहरुको समाधान गर्न सक्ने खालका कार्यक्रमहरु ल्याउन महिला शिक्षामा विशेष जोड दिनुपर्दछ । उनीहरुलाई हरेक क्षेत्रका आफ्ना अधिकारहरु प्रति सचेत बनाउनुका साथै आफूलाई कमजोर ठान्ने परम्परागत रुपमा रहँदै आएको मानसिकतामा परिवर्तन ल्याउन जरुरी देखिन्छ ।

नेपाली समाजमा महिला हिंसासम्बन्धी विभिन्न नियम कानुन बनाइए तापनि महिला हिंसा रोकिएका छैनन् । महिलाहरु विभिन्न प्रकारका हिंसा सहन बाध्य छन् । महिला हिंसा रोक्नु मुलुकका प्रत्येक नागरिकको कर्तव्य हो । यस्ता कार्यका लागि एकल प्रयासले भन्दा सामूहिक प्रतिबद्धता तथा जागरण अभियानबाट समस्याको समाधान हुन सक्छ । त्यस्तै गरी शिक्षा र चेतनाको कमीका कारण हुने महिला हिंसाका घटना कमगर्ने उपाय सामाजिक जागरण नै हो । त्यसैले हामी सबै व्यक्तिहरु एकजुट भई चेतनामूलक कार्यक्रम अघि सार्नु आवश्यक छ । जबसम्म चेतनाको बिस्तार हुँदैन तबसम्म महिलाहरु पिडित भई रहन्छन् ।

# अध्ययन गर्नको लागि तयार पारिएका प्रश्नावलीहरु

१) व्यक्तिगत विवरण

क) नाम :-

ख) उमेर :-

ग) पेशा :-

i) कृषि ii) जागिर (iii) व्यापार iv) अन्य

घ) धर्म :-

i) हिन्दु ☐ ii) बौद्ध ☐

iii) क्रिस्चियन ☐ iv) इस्लाम ☐

ङ ) शिक्षा

i) अशिक्षित ii) प्रा.वि. तह (१-५)

(iii) नि.मा.वि. तह (६-८) (iv) मा.वि. तह (९-१०)

v) उच्च माध्यमिक विद्यालय vi) स्नातक तह

vii) स्नातकोत्तर तह viii) अन्य

च) वैवाहिक स्थिति

i) विवाहित ii) अविवाहित iII)विधवा

२) परिवारको प्रकार

क) एकल ख) संयुक्त

३) विवाह गर्दा तपाई कति वर्षको हुनुहुन्थ्यो ?

क) १५-२० ख) २०-२५

ग) २५-३० घ) ३० भन्दा माथि

४) पारिवारीक विवरण :

| क.सं. | नाम | उत्तरदातासँगको सम्बन्ध | उमेर | पेशा | वैवाहिक स्थिति | शिक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५) तपाईको विचारमा हिंसा भनेको के हो ?

क) कुटपिट, गालीगलौज गर्नु,

ख) शिक्षामा विभेद गर्नु

ग) खानपानमा विभेद

घ) बोक्सीको आरोप लगाउनु,

ङ) सम्पत्ती बाँडफाँडमा भेदभाव गर्नु,

च) अपहेलना गर्नु

छ) छोराछोरीमा भेदभाव गर्नु

ज) थाहा नभएको

६) श्रीमानबाट कुटपिट, गाली गलौज जस्ता घटनाहरु हुने गरेका छन् कि छैनन् ? यदि छन् भने के कति कारणले गर्दा यस्ता घटनाहरु हुने गरेका छन् ?

...........................................................................................................

७) परिवारका अन्य सदस्यहरुबाट पनि यस्ता कार्यहरु हुने गरेका छन् कि ? यदि छन् भने को को बाट भएका छन् र यि कार्यहरु के कारणले हुने गरेका छन् ?

...........................................................................................................८)

हिंसा सहनुको कारणहरु के-के हुन् ?

क) श्रीमान र घरपरिवारको डर

ख)समाजबाट अपहेलित हुने डर

ग) आफ्नो कमाई नभएकोले

घ) बच्चाहरुको भविष्यको लागि

ङ) अशिक्षा

च) हिंसा नभोगेको

९) आफूमाथि  हुने हिंसात्मक व्यवहारले तपाईमाथि कस्तो असर पर्न गएको छ?

.........................................................................................................

१०) तपाई माथि भएको हिंसा विरुद्ध कतै उजुरी गर्नुभयो ?

क) गरे　　　　　　　　　　ख) गरिन

११) यदि उजुरी गर्नु भयो भने कहाँ गर्नुभयो ?

..............................................................................................................

१२) तपाईले गरेको उजुरीमा छानबिन भयो कि भएन ?

क) भयो　　　　　　　　　　ख) भएन

१३) तपाईमाथि भएको हिंसा विरुद्ध तपाईले कसैसँग भन्नु भयो ?

क) भने　　　　　　　　　　ख) भनिन

१४) यदि भन्नुभयो भने को-को सँग भन्नुभयो ?

क) माइतीसँग भनेको　　　　　　ख)साथीसँग भनेको

ग) छोरीसँग भनेको　　　　　　घ)छरछिमेकीसँग भनेको

ङ) संघसंस्थामा भनेको　　　　　च) कसैसँग नभनेको

१५) महिला प्रति गरिएका हिंसात्मक घटनाहरु हटाउन कुन-कुन पक्षमा सुधार गर्नुपर्ला ?

.........................................................................................................

# सन्दर्भसूची


अधिकारी, बसन्तराज (२०६५) *महिला अधिकार: लैङ्गिक समानता र महिला सशक्तीकरण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

अर्याल, भोजेन्द्र (वि.सं. २०६८), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

अर्याल, मीना (२०६८),*महिला अधिकारको प्रश्न,* काठमाडौ : कान्तिपुर पब्लिकेशन ।

अर्याल, रबिकान्त (वि.सं. २०६१), *महिला तथा बालबालिका विरुद्धको अपराध पिडित सहायता तथा अनुसन्धान पुस्तिका,* केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्र, अपराध अनुसन्धान विभाग प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौं ।

अर्याल, शिवहरि (२०७०), *लैङ्गिग तथा महिलावादी अध्ययन,* काठमाडौं : शिव पब्लिकेशन प्रा.लि. ।

आचार्य, मीना (वि.सं. २०६९), महिला अधिकार र सशक्तीकरण, वर्ष १२, अंक १, पूर्णाङ्क १८, असार, नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सिंहदरबार, काठमाडौं ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) स्युचाटार कंलकी, काठमाण्डौ

अन्सारी, सबीर (अगस्ट १०, २०११), *महिला तथा बालबालिकाको हिंसा बढ्दो क्रममा*

ओरेक नेपाल (वि.सं. २०६८), मासिक प्रतिवेदन कार्तिक ।

कीर्तिपुर नगरपालिका, कीर्तिपुर, काठमाडौं २०५३

चौधरी, रुपा (वि.सं. २०६६), *महिला आन्दोलन पुरुष विरोधी होइन,* काठमाडौं : राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा ।

ढुङ्गाना, मीरा (वि.सं. २०६७), विभिन्न राष्ट्रका संविधानमा महिला सम्बन्धी प्रावधान, राष्ट्रिय महिला अधिकार सरोकार मञ्च केन्द्रिय सचिवालय जागरण नेपाल ।

थपलिया, उषा (२०७१), *महिला हिंसा,* नारी, जेठ २०७१, वर्ष १४, कान्तिपुर पब्लिकेसन्स ।

थापा, सरज राज, महिला विरुद्ध हुने हिंसा २०६५

नेपालको अन्तरिम संविधान २०७२

पोखरेल, यमूना (२०७०), *लैङ्गिक समता, समावेशीकरण र नेपाली महिला,* लैङ्गिक समविकास शिक्षा, वार्षिक प्रकाशन वर्ष १४, अङ्क १४, शिक्षा विभाग, सानोठिमी भक्तपुर

पोखरेल, निर्मला (२०७०), गोरखापत्र दैनिक, फागुन २०, बुधबार

पोखरेल, उषा (२०७०), मानवअधिकार एयरलायन्स, राजविराज

पौडेल, ईश्वरी (वि.सं. २०६८),*नेपाली महिलाको सामाजिक, आर्थिक तथा न्यायिक परिवेश,* काठमाडौं : त्रि.वि., छापाखाना ।

बराल, खगराज (२०७०), *गरिबी, शक्ति र महिला सशक्तीकरण,* सानोठिमी, भक्तपुर

भट्टराई, ज्ञानेश्वर र साथीहरु (वि.सं. २०६८) *महिला विकास अधिकृत परीक्षा दिग्दर्शन,* काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि. ।

भण्डारी, भूमि, कान्तिपुर दैनिक, चैत्र १३, २०७०

महर्जन, मतिना (२०७१), *महिलामाथि हुने घरेलु हिंसाका प्रकार, कारण र असरहरु,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

महिला हिंसा तथा बालबालिका सम्बन्धी अध्ययन प्रतिवेदन २०७०

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि सीड (१९७९)

मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८)

महिला विरुद्ध हुने हिंसा उन्मूलन सम्बन्धी संयुक्त राष्ट्रसघीय घोषणापत्र (CEDAW) १९९३ को धारा १

लुमन्ति आवाज सहयोगको लागि २०६९

श्रेष्ठ, मिना (नोभेम्बर २४, २०११), *महिला हिंसाको एउटा पाटो*

सिलवाल, बिना (२०७०), *महिला मानव अधिकारकर्मी,* कास्की

Bennet, Lynn (1983), Dangerous Wives and Sacred Sister: Social and Symbolic roles of high-cast women in Nepal, Columbia University Press, New York

Central Bureau of statistic Nepal (web) 2011

WHO, 2004 द्वारा प्रकाशित यौन हिंसा नियन्त्रण सम्बन्धि छुट्टै बिशेष कानुनी सहायता पुस्तक ।

## Web sites

posterwomen.org

www.ekantipur.com.nari.issues

www.gorkhaptra.org.np.

www.meroreport.net/profiles/blogs/mahila-hinsa

www.mina-shrestha.blogspot.com

www.reportersnepal.com

# महिलामाथि हुने घरेलु हिंसा

**(काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिका वडा नं. ९ ढोकासी टोलमा गरिएको एक समाजशास्त्रीय अध्ययन)**

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह समाजशास्त्र उपाधिको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत गरिएको**

## शोधपत्र

**प्रस्तुतकर्ता**

**रेजिना श्रेष्ठ**

**त्रि.वि. दर्ता नं. : ६-२-२६३-८१-२००७**

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाडौ**

**२०७३**

## विषयसूची

पेज नं.


### अध्याय - एक
### अध्ययनको परिचय

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अध्ययनको महत्व | ५ |

### अध्याय दुई
### सन्दर्भ साहित्यको अध्ययन

| | | |
|---|---|---|
| २.१ | सैद्धान्तिक अवधारणा | ६ |
| २.२ | घरेलु हिंसाको परिचय | ७ |
| २.३ | घरेलु हिंसाको प्रकारहरु | ९ |
| २.४ | नेपालमा महिलाहरुको अवस्था | १० |

### अध्याय - तीन
### अनुसन्धान पद्धति

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धान क्षेत्रको छनौट | १८ |
| ३.२ | अनुसन्धानको ढाँचा | १८ |
| ३.३ | अध्ययनको नमुना छनौट | १८ |
| ३.४ | तथ्याङ्क सङ्कलनका विधिहरु | १९ |
| | ३.४.१ घरधुरी सर्वेक्षण विधि | १९ |
| | ३.४.२ अवलोकन विधि | १९ |
| | ३.४.३ अन्तरवार्ता विधि | २० |
| | ३.४.४ वैयक्तिक अध्ययन | २० |
| ३.५ | तथ्याङ्कको व्याख्या र विश्लेषण | २० |
| ३.६ | अध्ययनको सीमा | २० |

### अध्याय चार
### हिंसा पिडित महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था

| | | |
|---|---|---|
| ४.१ | सामाजिक आर्थिक अवस्था | २२ |
| ४.२ | उमेरको विवरण | २३ |

४.३ परिवारको प्रकार २३
४.४ वैवाहिक स्थिति २४
४.६ शैक्षिक अवस्था २५
४.६ धार्मिक अवस्था २६
४.७ महिलाहरुको विवाह हुदाको उमेरको विवरण २६

## अध्याय - पाँच

## महिलाहरुले भोगेका हिंसाको प्रकारहरु

५.१ परिचय २८
५.२ अध्ययन क्षेत्रका महिलाहरुले भोग्ने घरेलु हिंसाको प्रकारहरु २८
५.३ उत्तरदाता महिलाहरु माथि परिवारका सदस्यहरुबाट हुने गरेका हिंसाका प्रकारहरु ३१
५.४ उत्तरदाता महिलाको जीवनचक्र अनुसारको हिंसाको प्रकार ३२
५.४.१ बाल्य अवस्था ३२
५.४.२ किशोर अवस्था ३३
५.४.३ युवा अवस्था ३५
५.४.४ गर्भ अवस्था ३६
५.५ महिलाहरुमा भएको हिंसाको जानकारी ३७

## अध्याय - छ

## महिलाहरुले भोगेका हिंसाको कारण र हिंसा सहनुका कारणहरु

६.१ परिचय ३८
६.२ महिलाहरुमाथि हुने हिंसाको कारणहरु ३८
६.२.१ जाँडरक्सी सेवन ४०
६.२.२ दाईजो ४१
६.२.३ बहुबिवाह ४२
६.२.४ सम्पत्ति माथि महिला स्वामित्वको अभाव ४३
६.२.५ परम्परागत कुसंस्कार र अशिक्षा ४४
६.३ महिलाहरुले हिंसा सहनुका कारणहरु ४५

## अध्याय सात

## महिलाहरु माथि हिंसाबाट पर्न गएको असरहरु

७.१ परिचय ४७
७.२ महिलाहरु माथि हिंसाबाट पर्न गएको असरहरु ४७

७.३ हिंसा अरुसँग छलफल गरेको वा नगरेको सम्बन्धि विवरण ५०
७.४ हिंसा सम्बन्धी उजुरीको विवरण ५१
७.५ हिंसाप्रति न्यायको विवरण ५२
७.६ महिला हिंसासम्बन्धी उत्तरदाता महिलाहरुको धारणा ५३
७.७ वैयक्तिक अध्ययनहरु ५४

## अध्याय - आठ

## सारांश एवं निष्कर्ष

८.१ सारांश ५७
८.२ निष्कर्ष ६०
अध्ययन गर्नको लागि तयार पारिएका प्रश्नावलीहरु
सन्दर्भसूची

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र संकाय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको लागि मेरो निर्देशनमा सुश्री रेजिना श्रेष्ठले **"महिलामाथि हुने घरेलु हिंसा"** विषयमा यो शोधपत्र तयार गर्नुभएको हो । प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : २०७३/१२/१७

......................................

मिना उप्रेती

शोध निर्देशक

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

समाजशास्त्र केन्द्रिय विभाग

कीर्तिपुर, काठमाण्डौ

**स्वीकृति पत्र**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको लागि सुश्री रेजिना श्रेष्ठले प्रस्तुत गर्नु भएको **“महिलामाथि हुने घरेलु हिंसा”** विषयको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

शोध निर्देशक ................................

मिना उप्रेती

बाह्य सुपरीवेक्षक ................................

प्रा. मधुसूदन सुवेदी

विभागीय प्रमुख ................................

डा. तुलसी राम पाण्डे

मिति : २०७३/१२/२४

# कृतज्ञता ज्ञापन

**"महिलामाथि हुने घरेलु हिंसा"** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक प्रयोजनका निम्ति गरिएको एक अध्ययन हो । यो शोध कार्य मेरो लागि पहिलो अनुभव भएकोले शोध अध्ययन गर्ने क्रममा केही कमी कमजोरीहरु भए होलान्, यसलाई हटाउन भरपुर प्रयास गरेको छु । यस अध्ययनका क्रममा आफ्नो अमूल्य र व्यस्त समयको बाबजुट पनि समय जुटाएर सल्लाह र निर्देशन दिनु हुने मेरो गुरु एवं शोध निर्देशक मिना उप्रेतीज्यू प्रति म हार्दिक आभार व्यक्त गर्दछु ।

शोध कार्य गर्ने समयमा विविध पक्षबाट सहयोग पुऱ्याई प्रेरणा दिनु हुने मेरा आदरणीय बुबाआमाका साथै घरपरिवारका अन्य सदस्यहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्र तयार गर्न सहयोग गर्ने आत्मिय सम्पूर्ण मित्रहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यस्तै गरी अध्ययन क्षेत्रमा रहनु भएका सम्पूर्ण उत्तरदाता महिलाहरु जसले रात दिन घरभित्र हुने गरेका तर बाहिर हेर्दा झट्ट नदेखिने हिंसाजन्य पिडाहरु र भोगाईहरुलाई जस्ताको तस्तै म समक्ष प्रस्तुत गर्नुभयो । उहाँहरुको यो महत्वपूर्ण सहयोग बिना मेरो यो शोध अध्ययनले पूर्णता प्राप्त गर्न सक्ने नै थिएन । तसर्थ, सम्पूर्ण उत्तरदाता महिलाहरु प्रति पनि विशेष धन्यवाद व्यक्त गर्न चाहान्छु ।

अन्त्यमा यो शोधपत्र तयार गर्दा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रहेका हरेक क्षेत्रबाट सहयोग पुऱ्याई दिनु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

रेजिना श्रेष्ठ

कीर्तिपुर-९, काठमाडौं